## २० औं EWER त्रैमासिक प्रतिवेदन

## जनवरी – मार्च, २०२०

### पृष्ठभूमि

यो प्रतिवेदनले, देशको बिभिन्न भागमा नागरिक अधिकारको अवस्था कस्तो छ, स्थानीय राजनीतिक, सामाजिक अथवा स्रोत-साधनको परिचालनको बिषयमा द्वन्द्वका संभावना र आयाम के कस्ता छन्, भन्ने बारे जानकारी/पूर्वसूचना दिने कोशिस गरेको छ। नेपालको राज्य पूर्नसंरचनाका आधारमा सातवटै प्रदेशमा रहेका ७ जना प्रतिनिधिहरूले हामीलाई उपलब्ध गराएको सूचना र जानकारीको आधारमा नेपालको ७ वटै प्रदेशमा घटेका प्रमुख घटना र सम्बन्धित जानकारी समेटेर यो प्रतिवेदन तयार पारिएको हो। **२०२० को जनवरीदेखि मार्च महिना**सम्मका हामीलाई उपलब्ध जानकारी यस प्रतिवेदनमा समेटिएका छन्। सुशासन, सामाजिक एकता/तनाव, राजनीतिक तनाव/परिचालन, स्रोत-साधनमाथिको द्वन्द्व, सङ्क्रमणकालीन न्याय/न्यायमा पहुँच र भूकम्प लगायतका विपद्पछिको राहत/सहयोग वितरण सम्बन्धी चुनौती/द्वन्द्व शीर्षकमा सूचना संकलन गरिएको थियो। **त्यसैगरि कोरोना भाईरस महामारीको जोखिम कम गर्न २४ मार्च २०२० बाट सरकारद्वारा लकडाउन जारी भएसंगै कोरोना महामारीसंग सम्बन्धित बिषयलाई समेत यहाँ बिश्लेषण गरिएको छ।** यहाँ यी विभिन्न शीर्षकमा प्राप्त जानकारी बारे विश्लेषण तथा चर्चा गरिएको छ।

### प्रतिवेदनको सारांस

### प्रशासन सम्बन्धी घटना / तनाव

- **यस त्रैमासिक अवधिमा पनि देशका अधिकांश ठाउँमा स्वास्थ्यको अवस्था नाजुग रहेको पाईयो। अस्पतालको भौतिक संरचनाको अभाव लगायत दक्ष चिकीत्सक, स्वास्थ्य जाँचका लागि आबश्यक उपकरण र पर्याप्त स्वास्थ्यकर्मी तथा सरकारले निर्धारण गरेका निशुल्क औषधिको उपलब्धता नहुनु मुख्य समस्याको रुपमा देखियो। प्रदेश १ को पूर्वी पाहाडि क्षेत्र र कर्णाली प्रदेशमा यो समस्या अझ बिकराल देखिएको छ।**
- **बिगतमा झै यस त्रैमासिक अवधिमा पनि बिभिन्न निकायमा भ्रष्टाचारको गतिबिधि भईनै रह्यो। भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार दूरुपयोग अनुसन्धान आयोगले आफ्नो कार्वाहीको प्रकृयालाई तिव्रता दिएता पनि अझै नियन्त्रणमा आएको भने देखिदैन।**
- **बिगतका त्रैमासिक प्रतिवेदनहरुमा झै यस अवधिमा पनि स्थानीय तह अन्तर्गतका पालिका र वडा कार्यालयहरुमा कर्मचारीको अभावका कारण स्थानीय नागरिक प्रभावकारी सेवा पाउनबाट बन्चित भए। कर्मचारीको अभावमा पटक पटक माँग गर्दा समेत प्रदेश र संघीय सरकारबाट व्यवस्थापन हुन नसकेको स्थानीय जनप्रतिनिधिहरुले गुनासो गरे।**
- **यस त्रैमासिक अवधिमा पनि बिभिन्न ठाउँमा साना हतियार र अपराधिक कार्यहरु भएको पाईयो। प्रहरीद्वारा साना हतियार सहित पकाउ गरिएकामा अधिकांश युवाहरुको संलग्नता रहेको देखिन्छ। साना हतियारको ओसार पसार र अपराधिक कार्यले सुरक्षा चूनौती बढाएको जिल्लास्थित प्रशासनिक निकायको ठहर छ।**

### सामाजिक एकता/ तनाव

- **नेपाल सरकारद्वारा बिद्यालय र बालबालिकालाई शान्ति क्षेत्र घोषणा गरेता पनि सो अनुसारको कायान्वयनको पक्ष फितलोनै रहेको पाईएको छ। बिद्यालयहरुमा पठन पाठन प्रभावित हुने गरि वडा कार्यालय संचालन लगायत बिभिन्न महोत्सव, सामाजिक उत्सव र भोजभतेरका कार्यहरुमा बिद्यालयलाई नै प्रयोग गरेको पाईयो।**

- बाग्मती प्रदेशको हेलम्बु गाउँपालिकामा पालिकालेनै अग्रसर भई सामुदायिक बिद्यालयलाई नमूना बिद्यालयको रुपमा स्थापीत गर्नुलाई यस अवधिमा एक उदाहरणीय कार्यका रुपमा लिईएको छ ।
- बाग्मती प्रदेश सरकारले मकवानपुर र चितवन जिल्लाका सिमान्तकृत तथा लोपोन्मुख जातिको लागि आवास निर्माण कार्य अगाडि बढाउनुलाई संघीयता कार्यान्वयनको एक सवल पक्षका रुपमा लिईएको छ । यस योजनाले दुवै जिल्लाका कुला एकहजार ३ सय ८३ परिवार आवासबाट लाभान्वित हुने भएका छन् ।
- बिगतमा झै यस अवधिमा पनि लैंगिकतामा आधारिक हिंसाका घटनाहरु भएको सार्वजनिक जानकारीमा आयो । बलात्कार, बलात्कारको प्रयास, यौनजन्य हिंसा र दुर्व्यवहार, मानव वेचविखन तथा ओसार पसार, एसिड प्रहार, घरेलु हिंसा, कुटपिट, बालविवाह लगायतका घटनाहरु यस अवधिमा पनि भए । बलात्कार र बलात्कारको प्रयास जस्ता घजन्य अपराधिक घटनाहरुबाट नावालिका उमेर समूह बढी प्रभावित भएको पाईयो । यस अवधिमा बाबुद्वारा छोरी बलात्कृत एवं नावालिकाको अपहरणपछि सामूहिक बलात्कार जस्ता घटनाहरु समेत भएको पाईयो । *(बलात्कार र बलात्कारको प्रयास सम्बन्धी घटना विवरणमा पीडितको नाम र ठेगानालाई संवेदनशीलताको हिसावले गोप्य राखिएको छ ।)*
- कर्णाली र सुदूर पश्चिम प्रदेशमा अझै पनि देखा परिरहेको छाउपडी प्रथा निरुत्साहन गर्न छाउपडी मान्ने परिवारलाई सामाजिक सुरक्षा भत्ता लगायत सेवासुबिधा समेत उपलब्ध नगराउने स्थानीय सरकारले निर्णय गरेको छ ।

## राजनीतिक तनाव/ परिचालन

- सरकारद्वारा प्रतिबन्धित बिप्लव नेतृत्वको नेपाल कम्यूनिष्ट पार्टीका कार्यकर्ताहरुले बिगतमा झै यस अवधिमा पनि बिभिन्न स्थानीय तहका कार्यालय, एनसेल कम्पनीको टावर र सवारी साधनहरुमा बिष्फोट, आगजनी र तोडफोड गरि सार्वजनिक सम्पत्तीमा क्षति पुरयाए । कतिपय स्थानमा अज्ञात पक्षबाट भनिएपनि प्रहरीले त्यस्ता घटनामा सोही संगठनका कार्यकर्ताहरुमाथि संलग्नतको आशंका गरेको पाईयो ।
- बिगतमा झै यस अवधिमा पनि सरकारद्वारा प्रतिबन्धित बिप्लव नेतृत्वको नेपाल कम्यूनिष्ट पार्टीका कार्यकर्ताहरुमाथि हत्या, बिष्फोट, आगजनी, अपहरण र जर्वजस्ती चन्दा असुली जस्ता कार्यमा संलग्न रहेको जनाउँदै पक्राउ गर्ने कार्यलाई तीव्रता दिएको पाईयो । पक्राउ परेकाहरुमा केन्द्रीयदेखि जनवर्गीय संगठनका सयौं नेता तथा कार्यकर्ता रहेको सार्वजनिक जानकारीमा आयो ।

## श्रोत साधनमाथिको द्वन्द्व

- बिगत प्रतिबेदनमा झै यस अवधिमा पनि श्रोत साधनमाथिको तनावका घटनाहरु सार्वजनिक जानकारीमा आए । प्रदेश १ स्थित संखुवासभामा निर्माणाधीन अरुण तेश्रो जलबिधुत् आयोजनाको सन्दर्भमा मुआब्जा नपाएका पीडितहरुले यस अवधिमा पनि बिरोधको कार्यलाई अगाडि बढाएको पाईयो । त्यसैगरि अधिकांश खोलानालाहरुमा नियम बिपरीत नदीजन्य पदार्थहरु उत्खनन् र निकासी तिव्र रुपमा भएको पाईयो । प्रदेश २ मा अबैध उत्खनन् र निकासी रोक्नका लागि अग्रसर भएका एक युवकको अवैध निकासी कारोबारीहरुबाट हत्या नै भएको सार्वजनिक जानकारीमा आयो ।
- साना-ठूला नदीहरुबाट अबैध रुपमा नदीजन्य पदार्थ उत्खनन् तथा निकासी भईरहदा कतिपय स्थानीय सरकाले भने कार्वाही प्रकृयालाई अवलम्बन गर्दै अवैध उत्खनन् बिरुद्ध तदारुकता समेत देखाएको पाईयो ।

## सङ्क्रमणकालीन न्याय / न्यायमाथिको पहूँच

- नेपालमा शसस्त्र द्वन्द्वमा बेपत्ता पारिएका र ज्यान गुमाएका पीडितहरुको सवाललाई लिएर संक्रमणकालीन अवधिमा गठिन सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका नागरिकको छानवीनका लागि गठिन आयोगको क्षमादान दिनसक्ने व्यवस्था बिरुद्ध परेको रिटमाथिको सुनुवाई गर्दै यस अवधिमा सर्वोच्च अदालतले गंभीर उल्लंघनमा क्षमादान गर्न नमिल्ले फैसला गरेको पाईयो ।
- जघन्य अपराधका मुद्दामा लामो समयसम्म पीडित पक्षले न्यायको अनुभूति गर्न नसकेपछि सरकार र सरोकारवाला पक्षलाई ज्ञापन पत्र, ध्यानाकर्षण र बिभिन्न दवावका कार्यक्रम यस अवधिमा पनि गरे । कतिपय स्थानीय तह अन्तर्गतका न्यायिक समिति अझै प्रभावकारी हुन नसकेको समेत देखियो ।

- प्रदेश २ स्थित न्यायालयमा लामो समयदेखि फैसलाको पर्खाईमा रहेको पूर्वराज्य मन्त्री सञ्जय साह सहित उनका परिवार र सहयोगीमाथिको मुद्दाको सुनुवाईसंगै यस अवधिमा बिशेष अदालतले आरोपितहरुलाई जेल सजायको फैसला सुनाएको छ । सर्वत्र चर्चा र चासोको रुपमा हेरिएको उक्त मुद्दाको फैसलाले अपराधमा संलग्नले उन्मुक्ति नपाउने बिश्वास बढाएको छ ।

## प्राकृतिक प्रकोप पछिको राहत/ सहयोग वितरण र स्वास्थ्य लाभ सम्बन्धी चुनौती/ द्वन्द

- ०७२ सालको महाभुकम्पले क्षतिग्रस्त अधिकांश भवनहरु मर्मत र पुर्ननिर्माण भएता पनि कतिपय ठाउँमा पुर्ननिर्माणको कार्य अझै छ । भूकम्पले क्षतिग्रस्त बिद्यालयको भवन पुर्ननिर्माण हुन नसक्दा शिक्षक बालबालिकाहरु अझै पनि जीर्ण भवनमै अध्ययन अध्यापन गराउन बाध्य छन् । सिन्धुपाल्चोक जिल्लाको २० वटा सरकारी कार्यालयहरुमध्ये यस अवधिमा १३ वटाको पुर्ननिर्माण कार्य सम्पन्न भएको पाईएको छ ।

## कोरोना माहामारी र प्रभाव

- कोरोना माहामारीको संक्रमण फैलिन नदिन सरकारले ०७६ चैत्र ११ गते लकडाउन घोषणा गरयो । पहिलो चरणमा चैत्र मसान्तसम्म र त्यसयता यस त्रैमासिक अवधिमा ०७७ बैशाख १५ गतेसम्म पनि जारी रहेको लकडाउनले संक्रमण केही हदसम्म नियन्त्रण भएको पाईए पनि जनजीवन भने कष्टकर रह्यो । निम्न आय भएका र दैनिक मजदूरी गरि जीवन निर्वाह गर्ने अति बिपन्न बर्गलाई यस अवधिमा दुई छाक टार्न समेत धौ धौ भएको पाईयो ।
- दैनिक ज्याला मजदूरी गर्ने र अति बिपन्नलाई स्थानीत तहबाट खाद्य राहत एवं सहयोग बितरण गर्ने क्रममा कतिपय स्थानीय तह बिबाद मुक्त हुन सकेनन् । स्थानीय तहका प्रतिनिधिमाथि आर्थिक अनियमितताको आरोप समेत रह्यो । कतिपय ठाउँमा गुणस्तरहीन खाद्यान्न बितरण गरेको पाईयो भने केही ठाउँमा झडपका घटनाहरु समेत भए ।
- कोरोना संक्रमण नियन्त्रणका लागि संघीय सरकारद्वारा मेडिकल सामान खरिद प्रकरणमा जोडिएको ओम्नी बिजनेस कर्पोरेट इन्टरनेसनल प्रालि (ओबिसिआई) सँग गरिएको सम्झौता प्रकियालाई लिएर सरकारको तिव्र आलोचना हुनुका साथै भ्रष्टाचारको आरोपबाट समेत सरकार मुक्त हुन सकेन ।
- कोरोना महामारिको भयले अधिकांश स्वास्थ्य क्षेत्रमा दक्ष चिकीत्सकहरु उपस्थिती नहुने र बिदामा बस्ने क्रम बढदो रुपमा रहेको पाईयो । अधिकांश नीजि क्षेत्रका अस्पताल र क्लिनिकहरु बन्द अवस्थामै रहेको पाईयो । कतिपय स्वास्थ्य निकायले बिरामी भर्ना समेत लिन अस्वीकार गरे । उपचारको अभावमा बिरामीको मृत्यू समेत भएको पाईयो ।
- प्रदेश १ को भोजपुरमा स्वास्थ्य क्षेत्रका स्वास्थ्यकर्मीहरु नै कोरोना संक्रमणको भयले क्वारेन्टाईनमा बसेपछि अस्पताल र स्वास्थ्य चौकीमा पुग्ने बिरामीहरु उपचारबिनै फर्किन बाध्य हुनु परेको पाईयो ।
- कोरोनाको संक्रमण न्यूनिकरणका लागि बाह्य क्षेत्रबाट आउने व्यक्तिहरुलाई निगरानीमा राख्न अधिकांश पालिकाहरुमा क्वारेन्टाईन बनाईएता पनि निर्माण गरिएका अधिकांश क्वारेन्टाईन मापदण्ड अनुसारको नरहेको र त्यहाँ बस्ने व्यक्तिहरुका लागि उचित खाना, स्वास्थ्य उपचार र सरसफाईमा समेत वेवास्ता गरेको पाईयो । अव्यवस्थित क्वारेन्टाईनका कारण भागेर जाने क्रम पनि देखियो ।
- कोरोना संक्रमण न्यूनिकरणका लागि सरकारद्वारा लकडाउन घोषणा पश्चात लैंगिक हिंसा र घरेलु हिंसाका घटनाहरुमा समेत बढोत्तरी हुन थालेको पाईयो ।
- कोरोना माहामारिका कारण छिमेकी राष्ट्र भारतमा संक्रमितको संख्या बढनुका साथै लकडाउन जारी भएपछि रोजगारको शिलशिलामा त्यहाँ पुगेका नेपाली नागरिक हजारौको संख्यामा फर्किने क्रमसंगै सिमा क्षेत्रमा तनाव र असुरक्षा बढेको पाईयो । थोरैको संख्यामा रहेका सुरक्षाकर्मीहरुले सिमा नियन्त्रणमा समस्या झेल्नुका साथै खाद्यान्न, आवास र भौतिक सुबिधाको समेत कठिनाई व्यहोर्नु पर्‍यो । सुरक्षा निकायले सिमा क्षेत्रमा कडाई गर्दा कतिपय सिमा क्षेत्रमा भारतीय नागरिकले सुरक्षाकर्मीहरुमाथि भौतिक आक्रमणको समेत गरेको पाईयो ।
- कोरोना महामारी र संक्रमणका कारण मुलुकमा लक डाउन जारी भएपछि लकडाउनको मौका छोपी बन क्षेत्रमा काठ तस्करहरुको गतिबिधि बढेको र कतिपय ठाउँमा तस्करहरुलाई नियन्त्रणमा लिई कार्वाही समेत गरेको पाईयो ।

## १- प्रशासन सम्बन्धी घटना / तनाव

**यस त्रैमासिक अवधिमा पनि देशका अधिकांश ठाउँमा स्वास्थ्यको अवस्था नाजुग रहेको पाईयो । अस्पतालको भौतिक संरचनाको अभाव लगायत दक्ष चिकीत्सक, स्वास्थ्य जाँचका लागि आबश्यक उपकरण र पर्याप्त स्वास्थ्यकर्मी तथा सरकारले निर्धारण गरेका निशुल्क औषधिको उपलब्धता नहुनु मुख्य समस्याको रुपमा देखियो । प्रदेश १ को पूर्वी पाहाडि क्षेत्र र कर्णाली प्रदेशमा यो समस्या अझ बिकराल देखिएको छ ।**

सोलुखुम्बुस्थित जिल्ला अस्पताल फाप्लुमा दैनिक ३० देखि ३५ जना बिरामी उपचारका लागि आउने गरेता पनि औषधि, उपकरण र जनशक्तिको अभावका कारण उपचार पाउन नसकेको बिरामी र आफन्तको गुनासो छ । सोलुदुधकुण्ड नपा-११ तिङ्लाका ८३ वर्षीय जीतबहादुर कार्की अस्पतालमा पुगेर चेकजाँच त गराए तर डाक्टरले लेखिदिएको औषधि पाएनन् । संघीय संरचनामा प्रदेश मातहतमा रहेका अस्पतालमा पहिलेको तुलनामा दरबन्दी समेत घटेको छ । तर घटेको दरबन्दीअनुसार पनि स्वास्थ्यकर्मी नहुँदा प्रभावकारी सेवा प्रवाहमा समस्या भएको अस्पतालले जनाएको छ । दरवन्दी अनुसारका दक्ष चिकीत्स नभएपछि गंभीर प्रकृतीका अधिकांश बिरामीहरुलाई अन्यत्र रेफर गर्ने क्रम पनि बढदो रुपमा रहेको ०७६ फागुन ८ गते प्रकाशित अन्नपुर्ण दैनिकमा उल्लेख छ ।

**(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश १)**

ओखलढुंगाको खिजीदेम्वा गाउँपालिकाका ९ वडाहरुमध्ये ६ वटा वडाहरुमा स्वास्थ्य संस्था छन् । साविकका ३ वटा स्वास्थ्य चौकीमा प्रसुती गृह सञ्चालित छन् । प्रसुति गृह भएकामा प्रसुति गराउने आधारभूत तालिम लिएका नर्सिङ कर्मचारीसहित २१ स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा हाल ६ जना मात्रै कार्यरत छन् । १२ जना अहेबको दरबन्दीमा ३ जना र अन्य अनमी गरि ६ जना मात्र कार्यरत रहेको स्वास्थ्य शाखाका प्रमुख इन्द्र गौतमले जानकारी दिए । दरबन्दी कर्मचारी समायोजन अघि नै अभाव रहेकोमा समायोजनपछि केही अरु कर्मचारीहरु सरूवा भएर अन्यत्र गएकाले स्वास्थ्यकर्मीको अभाव हुन गएको र यसले नागरिकको स्वास्थ्योपचारमा समस्या भएको स्वास्थ्य शाखा प्रमुख गौतमको भनाई रह्यो । उक्त गाउँपालिकाको तीनवटा वडामा स्वास्थ्य चौकी नभएकाले स्वास्थ्य इकाई स्थापना गरेर एकएक जना स्वास्थ्यकर्मी खटाईएको भएपनि औषधी र जाँच गर्ने उपकरणको भने अभाव नै रहेको ०७६ पुष २९ गते प्रकाशित इन्सेक अनलाईनमा उल्लेख छ ।

**(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश १)**

प्रदेश १ को धनकुटास्थित जिल्ला अस्पतालमा विशेषज्ञ डाक्टर र शल्यक्रिया गर्ने चिकित्सकको अभावले बिगत एक वर्षदेखि अस्पतालमा शल्यक्रिया सेवा सञ्चालन हुन सकेको छैन । विशेषज्ञ डाक्टर, सर्जन र शल्यक्रिया फाँटकै नर्ससहित अन्य दर्जन कर्मचारीहरुको अभावमा शल्यक्रिया सेवा बन्द रहेको अस्पतालका निमित्त प्रमुख मेडिकल अधिकृत पुजन विश्वकर्माले जानकारी दिए । त्यसैगरि नेपाल सरकारबाट निःशुल्क प्राप्त हुने औषधिको समेत अस्पतालमा अभाव रहेको छ । सो जिल्ला अस्पतालमा हाल दैनिक ५० देखि ७० जनासम्म बिरामी उपचारका लागि आउने गरे पनि दक्ष चिकीत्सक र औषधीको अभाव देखाउन थालिएपछि बिरामीहरु निजी क्लिनिकतिर आकर्षित भई महङ्गो शुल्क तिरेर सेवा लिन बाध्य हुने गरेको स्थानीयको गुनासो छ ।

**(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश १)**

प्रदेश नं. ५ स्थित पाल्पाको रैनादेवी छहरा-७, बल्ढेङ गढीका इन्द्रबहादुर खड्काले गहते स्वास्थ्य चौकीमा सिटामोल र टिन्चर आयोडिन नपाएर फर्किनु पऱ्यो। टाउको दुख्ने, ज्वरो आउने भएपछि स्वास्थ्य चौकीजाँदा उचित चेकजाँच र औषधी समेत नपाएको उनले गुनासो गरे। छिमेकीको हात काटेपछि स्वास्थ्य चौकी लैजाँदा टिन्चर नपाएपछि सालझण्डी पुऱ्याउनु परेको

उनले बताए। घरनजिकैको स्वास्थ्यचौकीबाट सेवा नपाएपछि उनीहरू दिनभर लगाएर रूपन्देहीको सालझण्डी, रामापुर, बुटवल पुग्नुपर्ने बाध्यता रहेको उनीहरुको गुनासो छ।

**(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)**

रोल्पाको रूण्टीगढी गाउँपालिका स्थित होलेरी प्राथमिक स्वास्थ्य केन्द्र ०७६ असोजदेखि डाक्टरविहीन हुँदा बिरामीहरू उपचारका लागि जिल्ला बाहिर जानुपर्ने बाध्यता रहेको छ । कार्यरत चिकीत्सक समायोजनमा गएपछि स्वास्थ्य केन्द्र डाक्टरविहीन भएको हो । डाक्टर नभएपछि पहिले हुँदै आएको पोष्टमार्टम र भिडियो एक्सरे सेवा समेत बन्द भएको अस्पताल श्रोतले जनाएको छ ।

**(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)**

कर्णाली प्रदेशको जिल्ला अस्पताल जाजरकोटमा आवश्यक पूर्वाधार तथा स्वास्थ्यकर्मीको अभाव हुँदा सेवाग्राही मर्कामा परेका छन् । अस्पतालमा ७ विशेषज्ञ चिकित्सकसहित ६५ जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकामा १८ जनामात्र कार्यरत छन् (स्रोत : इन्सेक अनलाइन) । यस्तै सरकारले ल्याएको स्वास्थ्य बीमाको सेवा प्रभावकारी हुन सकेको छैन । बीमा बारे बुझाउन नसक्दा धेरै समस्या भएको स्वास्थ्य बीमा बोर्ड कर्णाली प्रदेशका संयोजक अर्जुन पण्डितले बताए (स्रोत : इन्सेक अनलाइन) ।

**(२० औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)**

मुगुको मुगुम कार्मारोङ गाउँपालिका-४ किम्रीस्थित स्वास्थ्य चौकीमा २ महिनादेखि स्वास्थ्यकर्मी नहुँदा स्वास्थ्य सेवा प्रभावित भएको छ। दरबन्दी अनुसार स्वास्थ्यकर्मी नहुँदा समस्या भएको कार्यालयका निमित्त प्रमुख केशवराज न्यौपानेले बताए। त्यसैगरि जिल्लाको एकमात्र कारागारभित्र स्वास्थ्य जाँचको व्यवस्था नहुँदा जिल्ला कारागार कार्यालय सल्यानमा रहेका कैदीबन्दीले समस्या भोग्नुपरेको छ । २५ जनाको क्षमता भएको उक्त कारागारमा हाल ११६ जना कैदीबन्दी छन् (स्रोत : इन्सेक अनलाइन) ।

**(२० औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)**

**बिगतमा झै यस त्रैमासिक अवधिमा पनि बिभिन्न निकायमा भ्रष्टाचारको गतिबिधि भईनै रह्यो । भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार दूरुपयोग अनुसन्धान आयोगले आफ्नो कार्वाहीको प्रकृयालाई तिव्रता दिएता पनि अझै नियन्त्रणमा आएको भने देखिदैन ।**

काठमाडौंको चन्द्रागिरी नगरपालिकाका प्रमुख प्रशाकीय अधिकृत युवराज पौडेल ०७६ माघ १९ गते एक लाख घुससहित पक्राउ परेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालबाट खटिएको टोलीले पौडेल र उनका सवारी चालक सञ्चित दुलाललाई एक लाख नगदसहित पक्राउ गरेको हो । नगरपालिकाको सूचना, संचार तथा प्रसारण गर्ने प्रयोजनका लागि सम्झौता गरी बिनियोजन भएको रकममध्येबाट घुस मागेको सूचनाका आधारमा उनलाई पक्राउ गरिएको अख्तियारका प्रवक्ता प्रदिपकुमार कोइरालाले जानकारी दिए ।

**(२० औं त्रैमासिक प्रतिवेदन- बाग्मती प्रदेश)**

लमजुङ जिल्लास्थित बेंसीसहर नगरपालिकामा तत्कालीन नासु पदमा कार्यरत गीता अधिकारी बिरुद्ध नक्कली प्रमाणपत्रको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ०७६ फागुन १३ गते विशेष अदालतमा मुद्दा दायर गरेको छ। नगरपालिकामा टाइपिस्टका रूपमा कार्यरत अधिकारीले विहार विद्यालय परीक्षा समिति भारतबाट एसएलसी तहको झूटो प्रमाणपत्र पेस गरी खरिदार पदमा प्रवेश गरेको र नासुमा बढुवा भएको आरोपपत्रमा उल्लेख छ। अख्तियारका प्रवक्ता प्रदीपकुमार कोइरालाद्वारा जारी विज्ञप्तिमा अधिकारीलाई भ्रष्टाचार निवारण ऐनअनुसार कारबाही माँग गरिएको जनाइएको छ। नगरपालिकाका प्रमुख प्रशाकीय अधिकृत मोहनप्रसाद मरासिनीका अनुसार अधिकारीले २० वर्ष सेवाअवधि पुगेका कारण डेढ महिनाअघि राजीनामा दिएकी थिईन् ।

**(२० औं त्रैमासिक प्रतिवेदन- गण्डकी प्रदेश )**

परासी जिल्लास्ति मालपोत कार्यालय पश्चिम नवलपरासीबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोग बुटवलको टोलीले ०७६ पुष २२ गते एक कर्मचारीलाई घुस लिएको आरोपमा पकाउ गरेको छ । आयोगले भुमिसुधार शाखा कार्यालयका खरिदार नेत्रबहादुर चौधरीलाई नगद ४० हजार घुस रकमसहित पक्राउ गरेको सार्वजनिक जानकारी गराईएको छ ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपालगन्जबाट ३५ हजार रुपैयाँ घूस लिइरहेको अवस्थामा ०७६ माघ २१ गते नापी सर्वेक्षक यामबहादुर खत्रीलाई नियन्त्रणमा लिएको छ । आयोगको सम्पर्क कार्यालय नेपालगन्जको टोलीले सर्वेक्षक खत्रीसँगै रहेका लेखापढी व्यवसायी प्रताप केसीलाई ३५ हजार रुपैयाँ घूससहित रंगेहात पक्राउ गरेको कार्यालय प्रमुख गणेश गैह्रेले जानकारी दिए ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)

स्थानीय तहमा शुशासन र पारदर्शिताका लागि समय समयमा सार्वजनिक सुनुवाई हुनुपर्ने नीति बिपरीत गण्डकी प्रदेशस्थित पर्वतका पालिकाहरूमा यस त्रैमासिक अवधिको अन्तसम्म पनि सार्वजनिक सुनुवाइको अभ्यास हुन सकेको छैन । विभिन्न बहाना देखाउदै अधिकांश पालिकाले यस किसिमका कार्यक्रमको आयोजना नगरेका हुन् । स्थानीय सरकार सञ्चालन कार्यविधिमा हरेक स्थानीय तहले प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने प्रावधान छ । विकास निर्माण, कर्मचारीको पारिश्रमिक, जनप्रतिनिधिका सेवासुविधालगायत चौमासिकमा भएका चालु तथा पुजीगत खर्च सार्वजनिक नगर कार्यसम्पादन मूल्यांकन समेत खस्किने कार्यविधिमा उल्लेख छ ।

(२० औं त्रैमासिक प्रतिवेदन- गण्डकी प्रदेश )

**बिगतका त्रैमासिक प्रतिवेदनहरुमा झै यस अवधिमा पनि स्थानीय तह अन्तर्गतका पालिका र वडा कार्यालयहरुमा कर्मचारीको अभावका कारण स्थानीय नागरिक प्रभावकारी सेवा पाउनबाट बन्चित भए । कर्मचारीको अभावमा पटक पटक माँग गर्दा समेत प्रदेश र संघीय सरकारबाट व्यवस्थापन हुन नसकेको स्थानीय जनप्रतिनिधिहरुले गुनासो गरे ।**

नुवाकोट जिल्लाको शिवपुरी गाँउपालिकामा ८ वटा वडा रहेका छन् । कुनै वडामा पनि सचिवहरु छैनन् । वडामा सचिव मात्र होइन, गाउँपालिकाको कार्यालयमा पनि शाखागत कर्मचारी नहुँदा सेवा प्रवाहमा समस्या हुने गरेको गाँउपालिकाका उपाध्यक्ष मञ्जु केसीले बताईन् । गाँउपालिकामा विभिन्न तहमा कार्य गर्न ३३ जना कर्मचारीको आवश्यकता भए पनि हाल तीनजना कर्मचारी मात्र रहेको उपाध्यक्ष केसीले जानकारी दिईन् । 'गाँउपालिकामा कर्मचारी छैनन् । कर्मचारीको काम जनप्रतिनिधिले गर्न मिल्दैन । कर्मचारीको माग गरिरहेका छौ । तर, माग पूरा भएको छैन, कर्मचारी नहुँदा प्रशासनिकदेखि आर्थिक पक्षका काममा समेत ढिलासुस्ती हुने गरेको छ । नागरिकले सहज रूपमा सेवा पाउन सकेका छैन्, उपाध्यक्ष केसीको भनाई रहेको छ ।

त्यसैगरि नुवाकोट जिल्लकै दुप्चेश्वर गाउँपालिकाका सातवटै वडा र तार्केश्वर गाउँपालिकाका ६ वटै वडा समेत सचिवविहीन अवस्थामा सञ्चालित छन् । ती स्थानीय तहमा रहेका वडामा सचिवको काम कार्यालय सहायकले धानिरहेको ०७६ फागुन २८ गते प्रकाशित नागरिक दैनिकमा उल्लेख छ ।

(२० औं त्रैमासिक प्रतिवेदन- बाग्मती प्रदेश)

प्रदेश ५ स्थित पाल्पा जिल्लाका अधिकांश पालिकाहरुमा आधाभन्दा बढी कर्मचारी करारका छन् । स्थानीय तह निर्वाचन भएको साढे दुई बित्दा समेत माँग गरे अनुसार नेपाल सरकारबाट कर्मचारी व्यवस्थापन हुन नसकेपछि जनप्रतिनिधिले आफैं भर्ना गर्न थालेका छन्। कतिपय पालिकामा सबै शाखामा करारका कर्मचारी रहेका छन्। जिल्लामा दुई नगरपालिका र आठ गाउँपालिका छन्। करारमा राख्ने कर्मचारीको हकमा आन्तरिक स्रोतबाट व्यवस्थापन गर्नुपर्ने हुन्छ। तर, कतिपय गाउँपालिकाले राजस्व बाँडफाँटकै बजेटबाट तलब खुवाउने गरेको पाईएको ०७६ पुष २८ गते प्रकाशित कान्तिपुर दैनिकमा उल्लेख छ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)

**यस त्रैमासिक अवधिमा पनि बिभिन्न ठाउँमा साना हतियार र अपराधिक कार्यहरु भएको पाईयो । प्रहरीद्वारा साना हतियार सहित पकाउ गरिएकामा अधिकांश युवाहरुको संलग्नता रहेको देखिन्छ । साना हतियारको ओसार पसार र अपराधिक कार्यले सुरक्षा चूनौती बढाएको जिल्लास्थित प्रशासनिक निकायको ठहर छ ।**

सिराहा नपा-२१ स्थित लकडीगोठबाट सोही ठाउँका २२ वर्षीय मनोज कुमार साहलाई एक थान कट्टुवा पेस्तोल सहित ०७६ फागुन ३० गते दिउँसो प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी लकडीगोठबाट खटिएको प्रहरीले नेपालबाट भारततर्फ जाँदै गरेका साहलाई शंका लागि जाँच गर्दा उक्त गोली सहित पेस्तोल फेला परेपछि पक्राउ गरिएको प्रहरीले जनायो । यस सम्बन्धमा थप अनुसन्धान भईरहेको प्रहरीले जनायो ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश २)

गढिमाई नपा-६ धरमपुरबाट एक थान कट्टुवा पेस्तोल र ३ थान गोली सहित दुई जनालाई ०७६ फागुन २६ गते साँझ प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा सर्लाही धनकौल गाउँपालिका-६ का २६ वर्षीय राजेश राम र २१ वर्षीय सुरज राम रहेका छन् । ईलाका प्रहरी कार्यालय गरुडाबाट खटिएका प्रहरीले बिआर ३० यु ८३८२ नम्बरको भारतीय मोटरसाइकल चेकजाँच गर्ने क्रममा उनीहरुलाई हतियार सहित पक्राउ गरिएको प्रहरीले जनायो ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश २)

प्रदेश २ को जनकपुरधामबाट चिनियाँ पेस्तोलसहित प्रहरीले दुईजनालाई ०७६ माघ ४ गते जनकपुरधाम उपमहानपा-१ स्थित भानु चोकबाट पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायव उपरीक्षक रामेश्वर कार्कीका अनुसार पक्राउ पर्नेमा धनुषाको क्षिरेश्वरनाथ नपा-१ रम्दैया का ४२ वर्षीय जितेन्द्र कुमार यादव र वडा नं ५ का ३० वर्षीय कुमोद नारायण झा रहेका छन् । बा१४च ७४५९ नम्बरको कारले ज ९ प ५८०६ नम्बरको मोटरसाइकलमा ठक्कर लाग्दा दुर्घटना भएपछि प्रहरीको टोली दुर्घटना स्थलमा पुगेर चेक जाँच गर्ने क्रममा कारको डिक्कीभित्र चाईनिज पेस्तोल फेला परेको प्रहरीले जनायो ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश २)

## २ - सामाजिक एकता/ तनाव

**नेपाल सरकारद्वारा बिद्यालय र बालबालिकालाई शान्ति क्षेत्र घोषणा गरेता पनि सो अनुसारको कायान्वयनको पक्ष फितलोनै रहेको पाईएको छ। बिद्यालयहरुमा पठन पाठन प्रभावित हुने गरि वडा कार्यालय संचालन लगायत बिभिन्न महोत्सव, सामाजिक उत्सव र भोजभतेरका कार्यहरुमा बिद्यालयलाई नै प्रयोग गरेको पाईयो ।**

पाल्पाको बगनासकाली गाउँपालिका-४ खानीछापस्थित हिमालय आधारभुत विद्यालय भवनमा वडा कार्यालय सञ्चालन गरिएको सार्वजनिक जानकारीमा आएकको छ । विद्यालय भवनमा वडा कार्यालय सञ्चालन हुँदा विद्यार्थीहरूको पठन पाठन प्रभावित बनेको छ । यसअघि विद्यालयनजिकै रहेको सानो भवनमा वडा कार्यालय सञ्चालन गरिए पनि उक्त भवनमा प्रसूतिकक्ष सञ्चालन गरिएपछि वडाको काम विद्यालय भवनको एउटा कोठाबाट सञ्चालन हुँदै आएको वडा सचिव कुलप्रसाद ढुंगानाले बताए । विद्यालय प्राङ्गणकै कोठामा कार्यालय रहेकोले सेवाग्राही आउने जाने र छलफल बहस गर्नुपर्दा विद्यार्थीहरुको पढाई प्रभावित हुने गरेको ढुंगानाको भनाई रहेको छ ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)

पर्यटन, साँस्कृतिक, औद्योगिक तथा व्यापार महोत्सव सञ्चालन गर्न मुसिकोट नगरपालिका-७ स्थित महेन्द्र आर्दश मावि ०७६ माघ १५ गतेदेखि १० दिनका लागि बन्द गरिएको छ । विद्यालय बन्द हुदाँ उक्त विद्यालयमा अध्ययनरत ९ सयभन्दा बढी विद्यार्थीहरूको पठन पाठन प्रभावित भएको छ । विद्यालयका प्रध्यानाध्यापक बुद्धिप्रसाद सापकोटाले आफुले बन्द गर्ने पक्षमा सहमत नहुँदा चौतर्फी दबाव आएपछि बन्द गर्न बाध्य हुनु परेको बताए ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)

गुल्मीस्थित जिल्ला सदरमुकाम तम्घासमा रहेको बालमन्दिरमा ०७६ फागुन २० गते बालबालिकाको पठन पाठन बन्द गरेर विवाहको भोज खुवाइएको छ । रेसुङ्गा नपा-८ का चोपनारायण पाण्डेयका छोराको विवाहको भोजका लागि बालमन्दिर भाडामा

दिएको थियो । ५४ जना बालबालिका रहेको उक्त बालमन्दिरमा उक्त भोजको कार्यले ३० देखि ३५ जना नियमित अध्ययनका लागि आउने बालबालिकाहरु पठनपाठनबाट प्रत्यक्ष प्रभावित भएका थिए ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)

**बाग्मती प्रदेशको हेलम्बु गाउँपालिकामा पालिकालेनै अग्रसर भई सामुदायिक बिद्यालयलाई नमूना बिद्यालयको रुपमा स्थापीत गर्नुलाई यस अवधिमा एक उदाहरणीय कार्यका रुपमा लिईएको छ।**

सिन्धुपाल्चोक जिल्लास्थित हेलम्बु गाउँपालिकाले आफ्नो गाउँपालिका भित्रका विद्यार्थीलाई एउटै थलोमा राखेर माध्यामिक तहको शिक्षा दिने उद्देश्यले नमुना सामुदायिक विद्यालय निर्माण थालेको छ। गाउँपालिकाले हेलम्बु मोडेल स्कुलको नाम दिएर इचोकको घोप्टेघ्याङमा विद्यालय भवन निर्माण सुरु गरेको हो। गाउँपालिका अध्यक्ष निमाग्याल्जेन शेर्पाले सामुदायिक विद्यालयको गुणस्तर सुधार्ने उद्देश्यले माध्यमिक तहको पढाइ एउटै मात्र विद्यालयमा सञ्चालन गर्ने नीति अनुरुप आवासीय विद्यालय भवन निर्माण थालिएको बताए ।

(२० औं त्रैमासिक प्रतिवेदन- बाग्मती प्रदेश)

**बाग्मती प्रदेश सरकारले मकवानपुर र चितवन जिल्लाका सिमान्तकृत तथा लोपोन्मुख जातिको लागि आवास निर्माण कार्य अगाडि बढाउनुलाई संघीयता कार्यान्वयनको एक सवल पक्षका रुपमा लिईएको छ। यस योजनाले दुवै जिल्लाका कुला एकहजार ३ सय ८३ परिवार आवासबाट लाभान्वित हुने भएका छन् ।**

वाग्मती प्रदेश सरकारले मकवानपुर तथा चितवन जिल्लाका सीमान्तकृत तथा लोपोन्मुख जातिका लागि आवास निर्माण गर्ने भएको छ। यसका लागि भौतिक विकास तथा योजना मन्त्रालयले चालु आर्थिक वर्षमा ४८ करोड ४० रुपैयाँ विनियोजन गरेको जनाएको छ । सीमान्तकृत तथा लोपोन्मुख जातिका जम्मा एक हजार तीन सय ८३ वटा पक्की आवास निर्माण गरिने योजनासहित मन्त्रालयले सार्वजनिक सूचना समेत जारी गरेको छ। शहरी विकास तथा भवन कार्यालयले लक्षित वर्गका लागि मकवानपुरका ६ सय ५० तथा चितवनका सात सय ३३ गरी करिब एक हजार तीन सय ८३ परिवारलाई घर आवास बनाउने प्रक्रिया अगाडि बढाएको हो । सो कार्यालयले ती दुवै जिल्लाका सहरभित्रका चेपाङ राउटे पहरी माझी, बोटे, तथा दलित समुदायका लागि लक्षित गरी सो योजना ल्याएको ०७६ फागुन १५ गते प्रकाशित नागरिक दैनिकमा उल्लेख छ।

(२० औं त्रैमासिक प्रतिवेदन- बाग्मती प्रदेश)

**बिगतमा झैं यस अवधिमा पनि लैंगिकतामा आधारिक हिंसाका घटनाहरु भएको सार्वजनिक जानकारीमा आयो । बलात्कार, बलात्कारको प्रयास, यौनजन्य हिंसा र दुर्व्यवहार, मानव वेचविखन तथा ओसार पसार, एसिड प्रहार, घरेलु हिंसा, कुटपिट, बालविवाह लगायतका घटनाहरु यस अवधिमा पनि भए। बलात्कार र बलात्कारको प्रयास जस्ता घजन्य अपराधिक घटनाहरुबाट नावालिका उमेर समूह बढी प्रभावित भएको पाईयो । यस अवधिमा बाबुद्वारा छोरी बलात्कृत एवं नावालिकाको अपहरणपछि सामूहिक बलात्कार जस्ता घटनाहरु समेत भएको पाईयो।** *(बलात्कार र बलात्कारको प्रयास सम्बन्धी घटना विवरणमा पीडितको नाम र ठेगानालाई संवेदनशीलताको हिसावले गोप्य राखिएको छ।)*

**बलात्कार/ बलात्कारको प्रयास**

१३ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमासोलुखुम्बुको थुलुङदुधकोशी गाउँपालिका-५ जुबुका २४ वर्षीय पर्शुराम बनलाई फागुन २७ गते प्रहरीले गिरफ्तार गरेको छ। आरोपितले पटक-पटक बलात्कार गर्दै आएको र बालिकाको सात महिनाको गर्भ रहेको भन्दै पीडित पक्षले आरोपित विरूद्ध फागुन २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए । पीडित पक्षको उजुरीका आधारमा आरोपितलाई पकाउ गरि कार्वाही प्रकृया अगाडि बढाईएको प्रहरीले जनायो ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश १)

१० वर्षीया बालिकालाई यौन दुर्व्यवहार गरेको आरोपमा सिम्रनगढ नपा-८ कचोर्वाका ४५ वर्षीय हरिनारायण यादव विरुद्ध ०७६ चैत ८ गते ईलाका प्रहरी कार्यालय सिम्रनगढमा कार्वाहीको माँग गर्दै पीडित पक्षले उजुरी दिए। आरोपितले चैत ७ गते दिउँसो आफ्नै घरमा खेलिरहेका बालिकालाई चक्लेट दिने भनी ललाइफकाई एकान्तमा लगेर यौन दुर्व्यवहार गरेको पीडित पक्षको

आरोप छ। पीडित पक्षको उजुरीको आधारमा चैत ८ गते आरोपितलाई पक्राउ गरि कार्वाही प्रकृया अगाडि बढाईएको सो प्रहरी कार्यालयले जनायो।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश २)

१० वर्षीया बालिकालाई यौन दुर्व्यवहार गरेको आरोपमा मिर्चैया नपा-९ का २५ वर्षीय राकेशकुमार चौधरीविरुद्ध पीडित परिवारले ईलाका प्रहरी कार्यालय मिर्चैयामा ०७६ चैत ६ गते उजुरी दिए। पीडित परिवारका अनुसार आरोपित चौधरीले चैत ५ गते बालिकालाई यौनदुर्व्यहार गरेका थिए। पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल सिरहामा चैत ६ गते भएको प्रहरीले जनायो।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश २)

१५ वर्षीया एक बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले सुनवल नपा-२ का २२ वर्षीय रोहित यादवलाई ०७६ माघ ७ गते पक्राउ गरेको छ। बालिकालाई आरोपितले माघ ६ गते बलात्कार गरेको भन्दै पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका हुन्।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)

१४ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले सिन्धुली जिल्ला तिनपाटन गाउँपालिका-४ जरायोटार घरभई बसका सहचालक २० वर्षीय संचित राना मगरलाई ०७६ फागुन १६ गते भैरहवाबसपार्कबाट गिरफ्तार गरेको छ। आरोपितले धम्कीदिएर फागुन १५ गते भैरहवाबसपार्कमास्थितहोटल काठमाण्डौमा लगेर बलात्कार गरेको भन्दै पीडितले फागुन १६ गते जिल्लाप्रहरी कार्यालयमाउजुरी दिनु भएको थियो।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)

१७ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले ४१ वर्षीय बुवालाई ०७६ फागुन १९ गते पक्राउ गरेको छ। पीडितलाई फागुन १८ गते आरोपितले बलात्कार गरेको भन्दै पीडित पक्षले सोही दिन इलाका प्रहरी कार्यालय पिपरामाउजुरी दिएको इन्स्पेक्टर आयुश प्रसाद जोसीले बताए।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)

कर्णाली प्रदेशका धेरैजसो जिल्लामा बलात्कारका घटना भएको पाइएको छ। १३ बर्षीय बालिकालाई बलात्कार गरेको अभियोगमा मुगुको खत्याड गाउँपालिका ४ का २० बर्षीय धर्मराज रावललाई मार्च २८ मा प्रहरीले पक्राउ गरेको छ। नौमूले गाउँपालिका १ दैलेखका २७ बर्षीय कपिलसिंह ठकुरीलाई जनवरी ३१ मा प्रहरीले पक्राउ गरेको छ। प्रहरी निरीक्षक नैनबहादुर साउदका अनुसार ठकुरीले १५ बर्षीय बालिकालाई बलात्कार गरेको आरोप छ।

(२० औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)

बोल्न नसक्ने ४६ बर्षीय महिलालाई बलात्कार गरेको आरेपमा दैलेखको भगवतीमाई गाउँपालिका १ पगनाथका मानबहादुर थापालाई जनवरी २६ मा प्रहरीले पक्राउ गरेको छ। दैलेखको दुल्लु नगरपालिका ४ शान्तिबजारका २३ बर्षीय दिपक विकले १३ बर्षीय बालिका बलात्कार गरेको आरोपमा जनवरी २२ मा प्रहरीले पक्राउ गरेको छ (स्रोत : इन्सेक अनलाइन)

(२० औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)

**बाबुद्वारा छोरी बलात्कृत**

आठ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले ४२ वर्षीय बुवालाई ०७६ फागुन ४ गते तिलोत्तमाबाट गिरफ्तार गरेको छ। पीडित बालिकालाई घरमा आमा नभएको बेला साउन २३ बलात्कार गरेको भन्दै पीडितकी आमाले बालिकाकी आमाले साउन २३ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिएकी थिईन्।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)

**सामुहिक बलात्कार**

१२ वर्षीया बालिकालाई अपहरण गरी बलात्कार गरेको आरोपमा प्रहरीले डाक्नेश्वरी नपा-२ का २२ वर्षीय बौवानन्द यादवलाई ०७६ चैत ५ गते पक्राउ गरेको छ। पीडितका काकाले घटनामा संलग्न बौवानन्द यादवसहित निजका बुवा ६५ वर्षीय रामअशिष यादव, साथीहरु २३ वर्षीय टुनटुन भनिने सन्तोषकुमार ठाकुर हजाम र २६ वर्षीय सन्तोषकुमार यादवविरुद्ध ईलाका प्रहरी कार्यालय कल्याणपुरमा चैत १ गते उजुरी दिएका थिए। आरोपितहरूले माघ २ गते बालिकालाई अपहरण गरी भारतको दिल्ली लगी शरिर बन्धक बनाई बलात्कार गरेको र पुनः नेपाल ल्याई बन्धक बनाई पटक-पटक बलात्कार गरेको आरोपमा उल्लेख छ। आरोपितहरुमध्ये अन्य तीन जना फरार रहेकोले उनीहरुको पनि खोजी कार्य भइरहेको ईलाका प्रहरी कार्यालय कल्याणपुरले जनाएको छ।

**(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश २)**

१६ वर्षीया बालिकालाई सामूहिक बलात्कार गरेको आरोपमा प्रहरीले सम्मरीमाई गाँउपालिका-१ का २२ वर्षीय पंकजतिवारी, २३ वर्षीय बृजेश त्रिपाठी र १६ वर्षीय एक बालकलाई फागुन ५ गते सम्मरीमाईबाट पक्राउ गरेको छ। पीडितलाई फागुन ५ गते आरोपितहरूले फुक्याएर एकान्तस्थलमा बोलाई बलात्कार गरेको भन्दै पीडित पक्षले सोही दिन इलाका प्रहरी कार्यालय मर्चवारमा उजुरी दिएका थिए।

**(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)**

काठमाडौं-नुवाकोटमा सामूहिक बलात्कार गरी लुटपाट गर्ने दुई जना ०७६ चैत ९ गते पक्राउ परेका छन्। गत चैत २ गते राति शिवपुरी गाउापालिका-५ की ३७ वर्षीया एक महिलाको घरमा पाँच जना युवा घरको झ्याल फोरेर प्रवेश गरि महिलालाई हातखुट्टा बााधेर बलात्कार गर्नुका साथै उनले लगाएको सुनको सिक्री, हातको औंठी र घरमा भएको नगद समेत लिएर भागे। सोही दिन पीडित महिलाले दिएको उजुरीपछि प्रहरीले अनुसन्धानका क्रममा शिवपुरी गााउपालिका-५ बस्ने २५ वर्षका उमेश तामाङ र दुप्चेश्वर गाँउपालिका-५ का ३२ वर्षीय सानोकान्छा तामाङलाई पक्राउ गरि कार्वाही प्रक्रिया अगाडि बढाएको छ। अन्य तीनजनाको पनि खोजी कार्य भईरहेको प्रहरीले जनाएको छ।

**(२० औं त्रैमासिक प्रतिवेदन- बाग्मती प्रदेश)**

### मानव बेचविखन तथा ओसार पसार बिरुद्धको कार्य

१८ वर्ष मुनिका तीन बालिकालाई बेचबिखन गर्न लागेको आरोपमा प्रहरीले बर्दिया जिल्ला ठाकुरबाबानपा-१ घर भई नेपालगञ्जउपमनपा-१२ कोरियनपुर बस्ने २५ वर्षीया रन्जना थारूलाई ०७६ माघ २० गते पक्राउ गरेको छ। बालिकाहरू ग्याँस चुलो किन्न भनेर माघ १९ गते भारततिर जाँदै गरेको अवस्थामा मानव बेचबिखनको क्षेत्रमा काम गर्ने साना हातका कर्मचारीले सोधपुछ पछि प्रहरीमा बुझाएका थिए।

**(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)**

प्रदेश ५ को नवलपरासी (सुस्तापश्चिम) १९ वर्षीया युवतीलाई बेचबिखनका लागि भारततर्फ लैजादै गरेको आरोपममा प्रहरीले रामेछाप जिल्लास्थित मन्थलीनपा-३ की ३८ वर्षीया डोलमाया तामाङ, बर्दघाट नपा-६ की २७ वर्षीया सपना नेपाली र २० वर्षीया कमला नेपालीलाई ०७६ फागुन २९ गते पक्राउ गरेको छ।

**(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)**

३८ वर्षीया महिलालाई प्रलोभन देखाएर भारत लैजादै गरेको आरोपमा प्रहरीले गैडहवा गाउँपालिका-४ का ६२ वर्षीय छविलाल पासीलाई ०७६ फागुन १८ गते पक्राउ गरेको छ। पीडितलाई सो दिन आरोपितले तन्त्रमन्त्र गरी आम्दानी हुने प्रलोभन देखाएर भारततर्फ लैजादै गरेको अवस्थामा इलाका प्रहरी कार्यालय लुम्बिनीले कालिदहबाट गिरफ्तार गरेको हो।

**(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)**

### एसिड प्रहार गरि अमानवीय दुर्व्यवहार

कपिलवस्तु जिल्लाको महाराजगञ्ज नपा-१ की ५१ वर्षीया बेदमतीदेवी गुप्तामाथि ०७६ फागुन २३ गते सोही ठाँउका ३९ वर्षीय हरिनारायण वरईले एसीड प्रहार गरि अमानवीय दुर्व्यवहार गरेका छन्। बालबालिकाले क्रिकेटको व्याट भाँचेको निहुँमा भएको

बिबादमा एसिड प्रहारबाट पीडितको अवस्था गंभीर भएकोले उपचारार्थ अस्पताल भर्ना गरिएको र आरोपितलाई फागुन २४ गते पक्राउ गरि कार्वाही प्रक्रिया अगाडि बढाईएको प्रहरीले जनायो ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)

**घरेलु हिंसा**

दाङ जिल्लास्थित लमही नपा-१ सीतलापुरकी ५० वर्षीया सोदी सार्कीलाई बलिरहेको अगुल्टो झोसेर घाइते बनाएको आरोपमा ६६ वर्षीय पति मेघबहादुर सार्कीलाई प्रहरीले माघ १० गते गिरफ्तार गरेको छ। घरायसीविवाद भएपछि पीडितलाई आरोपितले माघ १० गते बलिरहेको अगुल्टो झोसेको पीडित पक्षको आरोप छ ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)

कर्णाली प्रदेश कालीकोट जिल्लास्थित पचालझरना-७ की २३ बर्षीय शर्मिला दर्जीलाई पति खाम्मा दमाइले कुटपीट गरेका छन् । ०७६ माघ १९ गत जिल्ला प्रहरी कार्यालय कालिकोटमा दिएको उजुरी बमोजिम पीडकले बहुविवाह समेत गरेको जनाइएको छ। प्रदेशभर बालविवाह र बहुविवाहसंग सम्बन्धित घरेलु हिंसाका घटना बढी छन् ।

(२० औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)

छोरी जन्माएको आरोपमा पति र सासुबाट कुटपीट भएको उजुरी परेपछि कालिकोट प्रहरीले ०७६ फागुन २ गत सान्नीत्रिवेणी गाउँपालिका-२ का अर्जुन टमाटालाई पक्राउ गरेको छ । यस्तै छोरा नजन्माएको निहुँमा श्रीमतीलाई कुटपीट गरेको आरोपमा सान्नीत्रिवेणी २ का गोर्ख बटालाविरुद्ध ०७६ पुष २९ गते प्रहरीमा उजुरी परेको छ ।

(२० औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)

**बालबिवाह**

डुडुवा गाउँपालिका-२, बेतौंनीमा वडा कर्मचारीकी छोरीको बिहे भारतमा पक्का गरियो। १६ वर्ष लाग्दै गरेकी छोरीको विवाहको जानकारी लगत्तै पुगेका संस्थाका प्रतिनिधिले त्यसलाई रोके। केही समयपछि किशोरीले भागेर ती युवकसँगै विवाह गरिन्। त्यही गाउँमा एक साताअघि पनि बालविवाहको कार्य भएको स्थानीयको भनाई रहेको छ ।

दाङ जिल्लाको बबई गाउँपालिका-६ चिसापानीस्थितकालिकामन्दिरमा बालविवाह भइरहेको अवस्थामा मंडपबाटै प्रहरीले चारजनालाई ०७६ चैत ७ गते पक्राउ गरेको छ । प्रहरीले तुलसीपुर उपमनपा-१३ का ३० वर्षीय घनश्याम बस्नेत र विवाहको व्यवस्थापन गर्ने शान्तिनगर गापा-७ की २६ वर्षीया माया भण्डारी र विवाह गराउने ब्राह्मण बबई गाउँपालिका-६ का ४९ वर्षीय गणेश कुमार पौडेललाई गिरफ्तार गरेको इलाका प्रहरी कार्यालय तुलसीपुरका इन्स्पेक्टर चक्रडम्वर पालले बताए ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)

रोल्पाको गंगदेव गाउँपालिकाबाट सल्यानको दार्मा गाउँपालिकामा दुलही लिन आएको बेहुलाको उमेर नपुगेको भन्दै मार्च १६ मा प्रहरीले जन्ती फर्काएको छ (स्रोत : इन्सेक अनलाइन) । यस्तै बालविवाह न्यूनीकरणका लागि सल्यान जिल्लाका ज्योतिषहरुले विवाहका लागि २० बर्ष नाघेकाहरुको मात्र चिना हेर्ने सामूहिक प्रतिवद्धता जनाएका छन् ।

(२० औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)

**कर्णाली र सुदूर पश्चिम प्रदेशमा अझै पनि देखा परिरहेको छाउपडी प्रथा निरुत्साहन गर्न छाउपडी मान्ने परिवारलाई सामाजिक सुरक्षा भत्ता लगायत सेवासुबिधा समेत उपलब्ध नगराउने स्थानीय सरकारले निर्णय गरेको छ ।**

जिल्ला प्रशासन कार्यालय जाजरकोटले छाउपडी मान्ने परिवारलाई सामाजिक सुरक्षा भत्ता लगायत राज्यले दिने सेवा सुविधा रोक्का गर्ने जनएको छ । जनवरी ९ मा बसेको स्थानीय तहका पदाधिकारी तथा सरोकारवालाको बैठकले यस्तो निर्णय गरेको प्रमुख जिल्ला अधिकारी जनकराज पन्तले जानकारी दिए । जिल्ला प्रशासन कार्यालय जुम्लाले छाउगोठमा बस्ने र बस्न बाध्य पार्ने दुबैको सेवा सुविधा रोक्ने निर्णय गरेको छ । प्रमुख जिल्ला अधिकारी दुर्गा बञ्जाडेका अनुसार छाउपडी प्रथा समाजमा विकराल बन्दै गएपछि यस्तो निर्णय गरिएको हो ।

(२० औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)

## ३ - राजनीतिक तनाव/ परिचालन

**सरकारद्वारा प्रतिबन्धित बिप्लव नेतृत्वको नेपाल कम्यूनिष्ट पार्टीका कार्यकर्ताहरुले बिगतमा झै यस अवधिमा पनि बिभिन्न स्थानीय तहका कार्यालय, एनसेल कम्पनीको टावर र सवारी साधनहरुमा बिष्फोट, आगजनी र तोडफोड गरि सार्वजनिक सम्पत्तीमा क्षति पुरयाए। कतिपय स्थानमा अज्ञात पक्षबाट भनिएपनि प्रहरीले त्यस्ता घटनामा सोही संगठनका कार्यकर्ताहरुमाथि संलग्नतको आशंका गरेको पाईयो।**

मोरंगको मिक्लाजुङ गाउँपालिका-१ स्थित रमितेमा सडक निर्माणमा प्रयोग गरिएको तीनवटा जेसीबीमा ०७६ माघ ५ गते अज्ञात समूहले बम विष्फोट गराएको छ। बम विष्फोटबाट को १ क ३०३० नम्बर र दुईवटा लिङ्कङ् ९२२ र क्याट ३२० लेखिएका अनटेस्ट एक्साभेटरमा पूर्णरूपले क्षति भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनायो।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश १)

त्यस्तै मोरङ्गको केराबारी गाउँपालिकाको कार्यालयमा ०७६ माघ १० गते राति अज्ञात समूहले कार्यालयको मूल गेटमै बम विष्फोट गराएको गाउँपालिका अध्यक्ष रोहित कार्कीले बताए। विष्फोटबाट २० लाख बरावरको क्षति पुगेको जिल्ला प्रहरी कार्यालय मोरङले जनायो।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश १)

भोजपुरको पौवादुङ गाउँपालिका-१ स्थित एनसेल टावरमा ०७६ माघ १३ गते अज्ञात पक्षद्वारा आगजनी गरि क्षति पुरयाए। प्रहरीले उक्त कार्य बिप्लव नेतृत्वको नेकपाका कार्यकर्ताहरुद्वारा आगजनीको आशंका रहेको जनाउँदै घटनाको अनुसन्धान भईरहेको जनायो। त्यस्तै भोजपुरकै षडानन्द नपामा रहेको एनसेलको टावरमा पनि ०७६ माघ १२ गते राति अज्ञात पक्षद्वारा आगजनी गरि क्षति पुरयाईएको प्रहरीले जनायो।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश १)

इलामको देउमाई नपा-९ स्थित जीतपुरको अजम्बरे डाँडामा रहेको एनसेल टावरमा ०७६ पुस २८ गते राती बम बिस्फोट गराई क्षति पुरयाईएको प्रहरीले जनाएको छ। बम विस्फोटबाट टावरमा जडान गरिएको जेनेरेटर र विद्युतीय सामग्रीमा क्षति पुगेको इलामका एसपी हिराबहादुर पाण्डेले बताए।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश १)

प्रदेश नं. २ को सर्लाही जिल्ला अन्तर्गत उत्तरी चुरेक्षेत्रस्थित परवानीपुरमा रहेको एनसेलको मोबाइल टावरमा ०७६ माघ १२ गते राती विष्फोट गराई क्षति पुर्याईएको प्रहरीले जनाएको छ। विष्फोटबाट सोलार प्यानल, युपिएस तथा तारहरुमा क्षति पुगेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी उपरीक्षक बिश्वमणि पोखरेलले जानकारी दिए। घटनाको अनुसन्धान भईरहेको र विष्फोट विप्लव समूहले गराएको हुनसक्ने आशंका रहेको प्रहरी उपरीक्षक पोखरेलको भनाई रहेको छ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश २)

सप्तरीको राजविराज ८ स्थित एनआईसी एसिया बैंकमा बम फेला परेको छ। भवनको दोस्रो तलामा जाने भर्याङको बीच भागमा कार्टुनमा प्लास्टिकले बेरेर राखिएको अवस्थामा बम फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ। कार्टुनको बाहिरी भागमा खतरा लेखिएको र तारसमेत बाहिर निस्किएको अवस्थामा बम फेला परेको हो। सोही क्रममा राजविराजस्थित सेनाको भीम दल गणको डिस्पोजल टोलीले बम डिस्पोज गरेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश २)

**बिगतमा झै यस अवधिमा पनि सरकारद्वारा प्रतिबन्धित बिप्लव नेतृत्वको नेपाल कम्यूनिष्ट पार्टीका कार्यकर्ताहरुमाथि हत्या, बिष्फोट, आगजनी, अपहरण र जर्वजस्ती चन्दा असुली जस्ता कार्यमा संलग्न रहेको जनाउँदै पकाउ गर्ने कार्यलाई तीव्रता दिएको पाईयो। पकाउ परेकाहरुमा केन्द्रीयदेखि जनवर्गीय संगठनका सयौं नेता तथा कार्यकर्ता रहेको सार्वजनिक जानकारीमा आयो।**

उदयपुर को कटारी नपा-४ का ३७ वर्षीय लक्ष्मण पौडेललाई विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीको सुनसरी जिल्ला इञ्चार्ज भएको आरोपमा प्रहरीले ०७६ फागुन १२ गते जिल्ला अदालत उदयपुर परिसरबाटै पक्राउ गरेको छ। त्यस्तै उदयपुरगढी गाँउपालिका-४ का ५४ वर्षीय जीतबहादुर पुलामी मगरलाई सोहि गाँउपालिका-७ अधेरीका चित्रबहादुर खपाङ्गी मगरको घरबाट सो संगठनको जिल्ला सेक्रेटरी भएको आरोपमा फागुन २९ गते पक्राउ गरेको छ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश १)

भोजपुरको टेम्केमैयुम गाँउपालिका-१ का ३३ वर्षीय सुमित भनिने सुमत परियालाई बिप्लव नेतृत्वको नेकपाका कार्यकर्ता भएको आरोपमा ०७६ फागुन २१ गते पक्राउ गरेको छ। प्रहरीले आरोपिलको घरबाट घरेलु हतियारका साथै बम बनाउने सामग्रीहरु समेत फेला परेको जनाएको छ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश १)

झापाको दमक नपा-५ बाट बिप्लव नेतृत्वको नेकपाका मेची ब्यूरो सदस्य भएको आरोपमा प्रहरीले ४६ वर्षीय तारा थापालाई ०७६ माघ २० गते गिरफ्तार गरेको छ। ०७६ साउन २७ गते बिर्तामोड नपाको ७, ८ र ९को संयुक्त वडा कार्यालयमा बम विष्फोट गराएको प्रहरीको आरोप छ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश १)

विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीका प्रदेश कमिटी ब्युरो सदस्य धनुषा जिल्ला धनुषाधाम नपा-६ सरस्वतीपुरका ३४ वर्षीय साहस भनिने इन्दल साहलाई इलाका प्रहरी कार्यलय कडरवोनाबाट खटिएको प्रहरीले सप्तरीको सुरुङ्गा नपा-६ बाट ०७६ माघ २९ गते पक्राउ गरेको छ। धनुषा जिल्लाको क्षिरेश्वरनाथ नपा-५ स्थित महेन्द्रनगरमा मङ्सिर २७ गते राति प्रहरी सहित तीनजनाको ज्यान जाने गरि भएको बम बिष्फोटलगायतको घटनामा उनको संलग्नता रहेको सप्तरी जिल्ला प्रहरी कार्यालयले जनायो।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश २)

प्रतिवन्धित नेकपा निकट अखिल क्रान्तिकारी शिक्षक संघका केन्द्रीय उपाध्यक्ष ५० वर्षीय गौरीनारायण मण्डललाई प्रदेश २ प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालय धनुषाको टोलीले उनलाई आइतबार राति १२ बजेतिर धनुषा कै गणेशमान चारनाथ नगरपालिका ५ स्थित सुखवनी खोलाबाट पक्राउ गरेको छ। उनीमाथि संगठित अपराध, बम बिस्फोट तथा कर्तव्य ज्यान मुद्दाको आरोप रहेको प्रहरीले जनाएको छ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)

प्रतिवन्धित नेकपाका कार्यकर्ता दाङ जिल्ला शान्तिनगर गाँउपालिका-२ का ५० वर्षीय इन्द्रबहादुर वली, राप्ती गाँउपालिका-५ का ४६ वर्षीय यमलाल कटुवाल र तुलसीपुर उपमनपा-१९ का ६५ वर्षीय रामबहादुर थापालाई प्रहरीले ०७६ फागुन १ गते सुनवलबाट पक्राउ गरेको छ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)

प्यूठान जिल्लास्थित विप्लव नेतृत्वको प्रतिबन्धित नेकपा निकट विद्यार्थी सङ्गठनका जिल्ला उपाध्यक्ष गौमुखी गाँउपालिका-४ का २६ वर्षीय बलबहादुर घर्तीलाई प्रहरीले ०७६ माघ १० गते पक्राउ गरेको छ। प्यूठानकै सरुमारानी गाउँपालिका-२ का ५५ वर्षीय भेषराज खत्री, प्यूठान नपा-२ का ४० वर्षीया प्रेमा बस्नेत र ४३ वर्षीय रुद्र बस्नेतलाई सोही संगठनको कार्यकर्ता भएको आरोपमा प्रहरीले ०७६ फागुन १२ गते पक्राउ गरेको छ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)

दाङ जिल्लास्थित विप्लव नेतृत्वको नेकपा निकट युवासंघ दाङका जिल्ला सदस्य तुलसीपुर उपमनपा-५ का २८ वर्षीय अर्जुन शाहीलाई प्रहरीले ०७६ पुस २० गते पक्राउ गरेको सार्वजनिक जानकारीमा आएको छ। शाही उपर प्रदेश सभा निर्वाचनका क्रममा ०७४ मङ्सिर १२ गते डिउटीमा रहेका तुलसीपुर उपमनपा-१२ का म्यादी प्रहरी विनोद चौधरीलाई बम विस्फोट गराई हत्या गरेको र एनसेल टावरमा आगजनीमा संलग्न रहेको प्रहरीको आरोप छ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)

दैलेख जिल्लास्थित आठबिस गाउँपालिका-८ का ३३ बर्षीय नगेन्द्रबहादुर सिजापतिलाई बिप्लव नेतृत्वको नेकपाका कार्यकर्ता भएको आरोपमा ०७६ पुष १७ गते प्रहरीले पक्राउ गरेको छ । यस्तै विप्लव समूहका केन्द्रीय सदस्य एवं पूर्व राज्यमन्त्री नवीन विक र काठमाडौं उपत्यका व्यूरो इन्चार्ज तथा संविधानसभा सदस्य धरेन्द्रा उपाध्यायलाई प्रहरीले कालिकोट जिल्ला सदरमुकामबाट फागुन १३ गते पक्राउ गरेको छ (स्रोत : इन्सेक अनलाइन) । विप्लव समूह जाजरकोटका कार्यकर्ता ३४ बर्षीय खडक सिंहलाई प्रहरीले माघ २४ गते पक्राउ गरेको छ । सिंहले स्थानीय व्यवसायीलाई डर धम्की देखाएर चन्दा असुली गरेको तथा शान्ति सुरक्षामा खलल पुऱ्याएको आरोप छ ।

(२० औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)

**अदालत परिसरबाट पुनः पक्राउ**

प्रदेश नं. ५ स्थित जिल्ला अदालत दाङले बिप्लव नेतृत्वको नेकपाका चारजना नेता तथा कार्यकर्ताहरुलाई ०७६ पुष १७ गते धरौटीमा रिहा गरे लगत्तै प्रहरीले पुनः पक्राउ गरेको छ । पक्राउ गरिएकाहरुमा युवा सङ्गठनका केन्द्रीय सदस्य ३९ वर्षीय तिलकपुन, अखिल नेपालकिसान संघ दाङका अध्यक्ष ४३ वर्षीय एकराज चौधरी, राजपुर गाउँपालिका इन्चार्ज ३७ वर्षीय धनबहादुर बोहरा र सदस्य ३४ वर्षीय कुलबहादुर वलीलाई धरौटी रकम बुझाए लगत्तै अदालत परिसरबाटै धरपकड भएको सो संगठनद्वारा जारी बिज्ञप्तीमा उल्लेख छ ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)

रोल्पाको माडी गाउँपालिका-३ का ३७ वर्षीय श्यामबहादुर घर्तीलाई प्रहरीले ०७६ माघ २३ गते पुनःपक्राउ गरेको छ । पीडितको तर्फबाट अधिवक्ता मीना महतले माघ १६ गते दायर गरेको बन्दी प्रत्यक्षीकरण रिटको सुनवाई गर्दै न्यायाधीशद्वय केशवराज जोशी र नवराज थपलियाको इजलासले माघ २३ गते रिहा गर्ने आदेश दिएको थियो । उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट रिहा भएका घर्तीलाई प्रहरीले अदालतको गेट बाहिरबाट पकाउ गरेको हो ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)

प्रतिबन्धित नेकपाका सल्यान जिल्ला इन्चार्ज कुमाख गाउँपालिका-३ का ३९ वर्षीय बालकृष्ण शर्मा र दाङको तुलसीपुर उपमनपा-८ का ३९ वर्षीय प्रदिपबहादुर वलीलाई प्रहरीले ०७६ माघ २१ गते पुनःपकाउ गरेको छ । उच्च अदालत तुलसीपुर, बुटवल इजलासले माघ २१ गते रिहा गर्ने आदेश दिएलगत्तै प्रहरीले अदालतको गेट बाहिरबाट पकाउ गरेको हो ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)

## ४ - श्रोत साधनमाथिको द्वन्द्व

**बिगत प्रतिबेदनमा झैं यस अवधिमा पनि श्रोत साधनमाथिको तनावका घटनाहरु सार्वजनिक जानकारीमा आए । प्रदेश १ स्थित संखुवासभामा निर्माणाधीन अरुण तेश्रो जलबिधुत् आयोजनाको सन्दर्भमा मुआब्जा नपाएका पीडितहरुले यस अवधिमा पनि बिरोधको कार्यलाई अगाडि बढाएको पाईयो । त्यसैगरि अधिकांश खोलानालाहरुमा नियम बिपरीत नदीजन्य पदार्थहरु उत्खनन् र निकासी तिव्र रुपमा भएको पाईयो । प्रदेश २ मा अबैध उत्खनन् र निकासी रोक्नका लागि अग्रसर भएका एक युवकको अवैध निकासी कारोबारीहरुबाट हत्या नै भएको सार्वजनिक जानकारीमा आयो ।**

संखुवासभामा निर्माणाधीन ९ सय मेगावाटको अरुण तेस्रो जलविद्युत् आयोजनाबाट मुआब्जा नपाएको भन्दै पीडित पक्षले अरुण प्रवेश मार्ग बन्द गरेका छन्। उनीहरूले ०७६ फागुन १४ गतेदेखि पावरहाउस जाने अरुण प्रवेश मार्गको २४.५ किमि सडक बन्द गरेका हुन् । मुआब्जा पिडित संघर्ष समितिका केन्द्रीय संयोजक जनीकुमार राई र मुआब्जा पीडित संघर्ष समितिका अध्यक्ष हर्कसिङ राईले जारी गरेको विज्ञप्तिमा सर्वोच्च अदालतले विभिन्न मितिमा सार्वजनिक प्रयोजनका लागि व्यक्तिको नाममा रहेको जग्गा अधिग्रहण गर्दा पहिले उचित मुआब्जा दिनुपर्ने फैसला गरिसकेका नजिरलाई बेवास्ता गरेको कारण आन्दोलनको कार्यक्रम घोषणा गर्नुपरेको उल्लेख छ। २०६६ सालमा नै पाउनुपर्ने मुआब्जा १० वर्ष बितिसक्दा पनि नपाएको, पैतृक सम्पत्ति, जन्मथलो गुमाएर सुकुमबासी बनाइएको संघर्षका समिति अध्यक्ष राईले बताए। उक्त परियोजनाको पावरहाउस जाने गृह छ्याङकुटी-

पुखुवा अरुण प्रवेशमार्गको २८.५ किमिमध्ये २४.५ किमि सडकखण्डमा मुआब्जा नपाएको भन्दै लामो समयदेखि विवाद रहेको छ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश १)

धनुषाको मिथिला नपा-५ श्रीपुरका स्थानीय युवा दिलीपकुमार महतोलाई ०७६ पुष २५ गते श्रीपुरस्थित औरही खोलाको बगरमा अवैध उत्खनन् रोक्न अग्रसर हुँदा ना ७ ख ६४१३ नम्बरको ट्रिपर चालकले ठक्कर दिई हत्या गरे । शरीरको बिभिन्न भागमा धारिलो हतियारको प्रयोग र ट्रिपरको ठक्करको आधारमा उनको हत्यापछि सडकमा राखेर किचि बिभत्स मृत्यु बनाउन खोजिएको स्थानीयले आरोप लगाए । सो घटना अधि पनि उनले खोलाबाट नदीजन्य पदार्थको अबैध उत्खनन र निकासीको बिरोध गर्दै आएको हुँदा उनलाई नदीजन्य पदार्थ निकासीका माफियाहरुकै संलग्नतामा हत्या गरिएको स्थानीयले आरोप लगाउँदै छानवीन गरि कार्वाही गर्न माँग गरे ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश २)

**साना-ठूला नदीहरुबाट अवैध रुपमा नदीजन्य पदार्थ उत्खनन् तथा निकासी भईरहदा कतिपय स्थानीय सरकाले भने कार्वाही प्रकृयालाई अवलम्बन गर्दै अवैध उत्खनन् बिरुद्ध तदारुकता समेत देखाएको पाईयो ।**

धनुषाको गणेशमान चारनाथ नपामा पोखरी खन्ने नाममा ग्राभेल उत्खनन् गरेको आरोपमा प्रहरीले उत्खननमा प्रयोग भएको ना.१क. ८१३६ र ना.८ख ७२१३ नम्बरको टिपर तथा ज.१क ४८८ नम्बरको जेसिबी लाई नियन्त्रणमा लिएको छ । गणेशमान चारनाथ नपा-२ गौरीपुर अन्तर्गत चारनाथ खोला किनारा अबैध रुपमा ग्राबेल उत्खनन गरिरहेको जेसिबि र टिपर प्रहरीले नियन्त्रणमा लिएको हो । अनुमति बिपरित १०/१५ फिट गहिरो खाल्डो खनिरहहेको सूचना पाएपछि त्यहाँ पुगेर जेसिबी र टिपरलाई नियन्त्रणमा लिई आवश्यक कार्वाही प्रक्रिया अगाडि बढाईएको प्रहरीले जनयो ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश २)

हेटौडा-जिल्ला समन्वय समिति अन्तर्गतको अनुगमन समितिले मकवानपुरमा सञ्चालित अवैध क्रसर र बालुवा प्रशोधन उद्योग बन्द गर्न निर्देशन दिएको छ । नदीजन्य पर्दाथको अवैध उत्खनन् प्रशोधन गर्ने क्रसर र बालुवा प्रशोधन उद्योग ०७६ माघ २४ गतेदेखि लागू हुनेगरी बन्द गर्न समितिले निर्देशन दिएको हो । नदी, खोला अनुगमन गर्दा अवैध उत्खनन् र प्रशोधन गरिएको पाइएपछि पूर्ण रूपमा बन्द गर्न निर्देशन दिइएको जिल्ला समन्वय समिति प्रमुख रघुनाथ खुलालले बताए । अवैध रूपमा सञ्चालित जिल्लाका ३२ वटा क्रसर र एक सयभन्दा बढी बालुवा प्लान्टले निर्देशन पालना नगरे कडा कारबाही गरिने समितिका प्रमुख खुलालले चेतावनी दिए ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ३)

गोरखा जिल्लास्थित बूढीगण्डकी नदी दोहनमा प्रयोग भएका दुई ट्रिपर, चार ट्याक्टर र एउटा एक्स्काभेटर प्रहरीले नियन्त्रणमा लिएको छ। बूढीगण्डकी जलविद्युत् आयोजना र प्रहरीले ०७६ फागुन २२ गते संयुक्त रूपमा दर्बुङदेखि बालुवाटारसम्म अनुगमन गरेका थिए। अनुगमनका क्रममा दर्बुङ फाँटस्थित नदी किनारमा बाँध बाँधेर बालुवा झिकिरहेको भेटिएपछि उक्त साधनहरु नियन्त्रणमा लिईएको प्रहरीले जनायो ।

(२० औं त्रैमासिक प्रतिवेदन- गण्डकी प्रदेश )

## ५ - सङ्क्रमणकालीन न्याय / न्यायमाथिको पहूँच

**नेपालमा शसस्त्र द्वन्द्वमा बेपत्ता पारिएका र ज्यान गुमाएका पीडितहरुको सवाललाई लिएर संक्रमणकालीन अवधिमा गठिन सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका नागरिकको छानवीनका लागि गठिन आयोगको क्षमादान दिनसक्ने व्यवस्था बिरुद्ध परेको रिटमाथिको सुनुवाई गर्दै यस अवधिमा सर्वोच्च अदालतले गंभीर उल्लंघनमा क्षमादान गर्न नमिल्ने फैसला गरेको पाईयो ।**

बाग्मती प्रदेश स्थित सर्वोच्च अदालतले सशस्त्र द्वन्द्वमा भएका मानव अधिकारको गम्भीर उल्लंघनमा क्षमादान दिन नमिल्ने भनी ०७७ बैशाख १४ गते फेरि फैसला गरेको छ। यसअघि २०७१ साल फागुन १४ गते गरेको फैसलाविरुद्ध सरकारले दिएको पुनरावलोकन निवेदन खारेज गर्दै सर्वोच्चले मानव अधिकारको गम्भीर उल्लंघनमा क्षमादान दिन नमिल्ने फैसला गरेको छ। सर्वोच्चमा न्यायाधीशहरु दीपककुमार कार्की, मीरा खड्का, विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा र डा. आनन्दमोहन भट्टराईको पूर्ण इजलासले सरकारले दिएको पुनरावलोकन निवेदन खारेजको फैसला गरेको हो। सशस्त्र द्वन्द्वपीडित २३४ जनाले दिएको रिटमा २०७१ फागुन १४ गते सर्वोच्चका तत्कालीन न्यायाधीश कल्याण श्रेष्ठ, वैद्यनाथ उपाध्याय र चोलेन्द्रशम्शेर जबराको विशेष इजलासले मानव अधिकारको गम्भीर उल्लंघनमा सत्य निरुपण तथा मेलमिलाप आयोगले क्षमादान दिन सक्ने व्यवस्था संविधान र अन्तराष्ट्रिय कानून विपरीत हुने भन्दै बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ मा भएको क्षमादान सम्बन्धी व्यवस्था संशोधन गर्न सरकारलाई आदेश दिएको थियो.।

(२० औं त्रैमासिक प्रतिवेदन- बाग्मती प्रदेश)

**जघन्य अपराधका मुद्दामा लामो समयसम्म पीडित पक्षले न्यायको अनुभूति गर्न नसकेपछि सरकार र सरोकारवाला पक्षलाई ज्ञापन पत्र, ध्यानाकर्षण र बिभिन्न दवावका कार्यक्रम यस अवधिमा पनि गरे। कतिपय स्थानीय तह अन्तर्गतका न्यायिक समिति अझै प्रभावकारी हुन नसकेको समेत देखियो।**

मिक्वाखोला गाउँपालिका-२ खोक्लिङकी ३४ वर्षीया कविता थापाको हत्यामा संलग्न व्यक्तिहरु तत्काल पत्ता लगाई दोषिलाई कडा कारबाहीको माँग गर्दै गाउँपालिकामा रहेका १० ओटा आमा समूहका अगुवाहरुले ०७६ फागुन २२ गते सहायक प्रमूख जिल्ला अधिकारी केशव खतिवडालाई ध्यानाकर्षण पत्र बुझाएका छन्। कविता थापाको ०७६ पुस ४ गते घरनजिकै हत्यापछि फालिएको अवस्थामा शव फेला परेको थियो। घटना भएको ७६औं दिनसम्म हत्यारा पत्ता नलागेकोमा सम्बन्धित निकायले नै हत्यारा जोगाउन खोजेको हो कि भन्ने आशंकालाई ध्यानाकर्षण-पत्र उल्लेख गर्दै दोषीलाई तत्काल सार्वजनिक गरि प्रभावकारी प्रशासनिक उपस्थिती दर्शाउन आमा समूहद्वारा माँग गरिएको छ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश १)

२३ वर्षीया स्वास्थ्यकर्मी महिलाले आफूलाई बलात्कार प्रयास भएको विषयमा हरिनगर गाँउपालिका-४ का २७ वर्षीय श्रवणकुमार मेहतामाथि कार्वाहीको माँग गर्दै ०७६ चैत ६ गते जिल्ला प्रहरी कार्यालय इनरुवामा उजुरी दिएकोमा प्रहरीले अभद्र व्यवहार शीर्षकमा मात्र मुद्दा दर्ता गरि पीडकलाई उन्मुक्ति दिन खोजिएको बताईन्। पीडितका अनुसार चैत ५ गते आरोपितले बलात्कारको प्रयास गरेका र सो शीर्षकमा चैत ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकी थिईन्।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश १)

कर्णाली प्रदेशस्थित स्थानीय सरकारले न्याय निरुपण गर्ने निकायको रुपमा रहेका न्यायिक समितिले कतै पूर्णता पाएको छैन भने कतै मुद्दा छिनोफानो गर्न ढिलासुस्ती गरेको पाइन्छ। कतै न्यायिक समितिको निर्णय चित्तबुझ्दो नभएको गुनासो छ। मुगुका स्थानीय तहमा रहेका न्यायिक समितिमा समयमै उजुरीको छिनोफानो नभएको पीडितहरुको गुनासो छ। खत्याड गाउँपालिका ६ का प्रेम रावलले २०१९ को मार्च २९ मा न्यायिक समितिमा दर्ता गराएको जग्गासम्बन्धी उजुरी १ बर्ष वित्दासमेत फैसला हुन सकेको छैन।

(२० औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश )

**प्रदेश २ स्थित न्यायालयमा लामो समयदेखि फैसलाको पर्खाईमा रहेको पूर्वराज्य मन्त्री सञ्जय साह सहित उनका परिवार र सहयोगीमाथिको मुद्दाको सुनुवाईसंगै यस अवधिमा बिशेष अदालतले आरोपितहरुलाई जेल सजायको फैसला सुनाएको छ। सर्वत्र चर्चा र चासोको रुपमा हेरिएको उक्त मुद्दाको फैसलाले अपराधमा संलग्नले उन्मुक्ति नपाउने बिश्वास बढाएको छ।**

प्रदेश २ धनुषास्थित जनकपुरमा ज्यान जाने गरि भएको बिष्फोटको घटना अन्तर्गत ज्यान मुद्दामा जेलमा रहेका पूर्व राज्यमन्त्री सञ्जय कुमार साह समेत उनका पिता, पत्नी, भाई समेत सहयोगीहरुलाई जेल सजाय भएकोछ। विशेष अदालतले ०७६ फागुन २९ गते गरेको फैसलामा साहलाई ५ वर्ष कैद, उनकी पत्नी रंगीलादेवी साहलाई अढाई वर्ष, पिता साधुशरण साह सुडीलाई अढाई वर्ष र भाई रामकुमार साहलाई डेढ वर्ष कैद सजाय सुनाएकोछ। त्यसैगरि साहका तत्कालीन सहयोगीहरु छेदी राउत र सुजीत पाण्डेलाई अढाई/अढाई वर्ष कैद सजाय सुनाएकोछ। सञ्चार उद्यमी अरुण कुमार सिंघानियाको हत्या र रामानन्द चोक

बम काण्ड मुद्दामा संलग्नता रहेको भनि उनीमाथि मुद्दा दायर भएकोमा धनुषा जिल्ला अदालतले साहलाई जन्मकैदको सजाय सुनाएको थियो ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश २)

गण्डकी प्रदेशस्थित पर्वत जिल्लाको कुश्मा नगरपालिकामा न्यायिक समिति गठन नगरेर सर्वसाधारणको संवैधानिक हक हनन गरिएको भन्दै कुश्मा नगरपालिकाविरुद्ध उच्च अदालत पोखराको बागलुङ इजलास केन्द्रमा रिट निवेदन परेको छ। अधिवक्ता रामचन्द्र शर्माले समिति नबनाएर जनताको न्याय पाउने अधिकार वञ्चित भएको जनाउँदै ०७६ फागुन १२ गते रिट दिएका हुन् । जनप्रतिनिधि आएको तीन वर्ष पुग्नै लाग्दा समेत कुश्ममा समिति गठन भएको छैन। दलीय विवादका कारण गठन हुन नसकेको न्यायिक समितिको अभावकै कारण नगरपालिकालाई अनिर्णयको बन्दी बनाईएको रिटमा उल्लेख छ ।

(२० औं त्रैमासिक प्रतिवेदन- गण्डकी प्रदेश )

गण्डकी प्रदेशस्थित इन्सेक प्रदेश कार्यालयलयले प्रदेशमा सन् २०१९ को अवधिमा मानवअधिकार उल्लंघनका ६ सय ७९ घटना भएको ०७६ माघ २९ गते सार्वजनिक जानकारी गराएको छ । जसमा राज्य पक्षबाट २०५ र गैरराज्य पक्षबाट ४७४ घटना भएका छन् । इन्सेकले प्रदेशको मानवअधिकारको अवस्थाबारे जानकारी गराउँदै यस्तो तथ्यांक सार्वजनिक गरेको हो। राज्य पक्षबाट १५ महिला र १९० पुरुष र गैरराज्य पक्षबाट ४१२ महिला र ६२ पुरुष पीडित भएको केन्द्रको तथ्यांक छ ।

(२० औं त्रैमासिक प्रतिवेदन- गण्डकी प्रदेश )

## ६ - प्राकृतिक प्रकोप पछिको राहत/ सहयोग वितरण र स्वास्थ्य लाभ सम्बन्धी चुनौती/ द्वन्द्व

**०७२ सालको महाभुकम्पले क्षतिग्रस्त अधिकांश भवनहरु मर्मत र पुर्ननिर्माण भएता पनि कतिपय ठाउँमा पुर्ननिर्माणको कार्य अझै छ। भूकम्पले क्षतिग्रस्त बिद्यालयको भवन पुर्ननिर्माण हुन नसक्दा शिक्षक बालबालिकाहरु अझै पनि जीर्ण भवनमै अध्ययन अध्यापन गराउन बाध्य छन् । सिन्धुपाल्चोक जिल्लाको २० वटा सरकारी कार्यालयहरुमध्ये यस अवधिमा १३ वटाको पुर्ननिर्माण कार्य सम्पन्न भएको पाईएको छ ।**

रसुवाको उत्तरगया गाउँपालिका-१ स्थित तिरुगाउँमा ०७२ बैशाख १२ गतेको भुकम्पले पुरयाएको क्षति र त्यसयताको पहिरोका कारण गाउँनै बिस्थापित भएकोमा पछिल्लो समयमा गाउँ पुर्नस्थापित भई जनजीवन सामान्य बन्दै गएर बालबालिकाहरु पठन पाठनका लागि बिद्यालयमा पनि जान थाले । तर बिद्यालयमा पठन पाठनका लागि नयाँ भवनको निर्माण नहुँदा सामान्य मर्मतपछि पुरानो जीर्ण भवनमै पठनपाठन गराईनु पर्दा जोखिमको अवस्था कायमै रहेको विद्यालयका प्रधानाध्यापक गणेश यादवले बताए । बिद्यालयमा ३६ जना बिद्यार्थीहरु र दुई जना शिक्षक अध्ययन अध्यापनका क्रममा रहेको प्रअ यादबले जानकारी दिएका छन् ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ३)

प्रदेश नं. ३ को सिन्धुपाल्चोक जिल्लामा २०७२ वैशाख १२ को महाभूकम्पबाट क्षतिग्रस्त भएकामध्ये १३ वटा कार्यालयको भवन पुनर्निर्माण कार्य सम्पन्न भएको छ । कुल २० वटा कार्यालयमध्ये बाँकी आठवटा भवन भने नयाँ बनेका हुन् । भूकम्पले भत्काएकामध्ये जिल्ला अस्पताल र जिल्ला हुलाक कार्यालयको मात्र पुनर्निर्माण बाँकी रहेको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, जिल्ला आयोजना कार्यान्वयन ईकाइले जनाएको ०७६ फागुन १२ गते पकाशित नागरिक दैनिकमा उल्लेख छ ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ३)

गण्डकी प्रदेशस्थित हिमाली जिल्ला मनाङमा ०७६ पुष १ र २ गते भएको भिषण हिमपातका कारण साताभरी यातायातहरु सवै अवरुद्ध हुनुका साथै जनजीवननै कष्टकर बन्यो । तल्लो मनाङको नासों गाउँपालिका-९, दानक्युदेखि माथिल्लो क्षेत्रको सडक तथा पदमार्गभरी हिउँ जमेपछि पैदल यात्रामा समेत कठिनाइ भएको स्थानीयले बताए । सवारीसाधन गुड्न नसकेपछि खाद्यान्न, निर्माण सामाग्री लगायतको ढुवानी हुन सकेन । माथिल्लो हिमाली क्षेत्रमा जनजीवननै कष्टकर हुनथालेपछि सो ठाउँका बासिन्दा पनि प्रायः तल्लो भेगमा बसाई सरेको पाईएको छ ।

(२० औं त्रैमासिक प्रतिवेदन- गण्डकी प्रदेश )

## ७ - कोरोना माहामारी र प्रभाव

**कोरोना माहामारीको संक्रमण फैलिन नदिन सरकारले ०७६ चैत्र ११ गते लकडाउन घोषणा गरयो । पहिलो चरणमा चैत्र मसान्तसम्म र त्यसयता यस त्रैमासिक अवधिमा ०७७ बैशाख १५ गतेसम्म पनि जारी रहेको लकडाउनले संक्रमण केही हदसम्म नियन्त्रण भएको पाईए पनि जनजीवन भने कष्टकर रह्यो । निम्न आय भएका र दैनिक मजदूरी गरि जीवन निर्वाह गर्ने अति बिपन्न बर्गलाई यस अवधिमा दुई छाक टार्न समेत धौ धौ भएको पाईयो ।**

कोरोना महामारीको सम्भावित महामारीलाई रोकथाम गर्न सरकारले लकडाउन घोषणा गरेको दुई साता बितेपनि प्रदेश नं. १ को हिलिहाङ गाउँपालिका-७ का अति सीमान्तकृत आदिवासी जनजाति माझी समुदायले दैनिक रोजीरोजी नै गुमेपछि खाधान्नको अभावमा जीवन धान्न समेत मुश्किल परेको पिडा सुनाए । पहिलो चरणको लकडाउनको अवधिमा स्थानीय सरकारबाट राहत समेत नपाएकोले उनीहरुले गुनासो गरेका छन् । खोलामा माछा मार्ने र मजदूरी गरेर जीवीकोपार्जन गरिरहेका दर्जनौं माझी परिवारहरूले ०७६ चैत २५ गतेसम्म राहत सामग्री नपाएको कारण जीवन कष्टकर बन्न पुगेको स्थानीय जसबहादुर माझीले बताए । कोरोना महामारीबाट जोगिन माक्स, सेनिटाइजर र साबुन प्रयोग नगरेका, सामाजिक दूरी कायम गरेर बस्नु पर्ने सामान्य सहयोग र जानकारी समेत नपाएको माझी समुदायको भनाई थियो ।

**(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश १)**

शुद्धोधन गाउँपालिका-५ का अधिकांशले गरिव र दैनिक ज्यालादारी गर्नेले लकडाउनको ३५ दिन बित्दा समेत राहात पाउन नसकेको गुनासो गरे । उक्त पालिकामा अत्यान्तै सिमान्तकृत समुदाय र पत्थरकट्टहरु अति बिपन्नमा पर्ने गर्दछन्, उनीहरुले राहत नपाउँदा दैनिक जीवन धान्न समेत असहज भएको बताए । त्यसैगरि उक्त पालिकाको ४ नंवर वडामा १ सय बिघा जमिन भएकाले समेत राजनैतिक पहूँचको आधारमा राहात लिएको पाईयो ।

**(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)**

**दैनिक ज्याला मजदूरी गर्ने र अति बिपन्नलाई स्थानीत तहबाट खाद्य राहत एवं सहयोग बितरण गर्ने क्रममा कतिपय स्थानीय तह बिबाद मुक्त हुन सकेनन् । स्थानीय तहका प्रतिनिधिमाथि आर्थिक अनियमितताको आरोप समेत रह्यो । कतिपय ठाउँमा गुणस्तरहीन खाद्यान्न बितरण गरेको पाईयो भने केही ठाउँमा झडपका घटनाहरु समेत भए ।**

मोरंगको विराटनगर महानपा-६ स्थित वडा समितिका पदाधिकारीहरुले वडाका गरिव र बिपन्न परिवारलाई ०७६ चैत २७ गते राहत बितरण गर्ने क्रममा बिबाद भएपछि वडासदस्य सुशीला पासवानमाथि स्थानीयको एक समूहले हातपात गरे । राहत वितरणमा अनियमितता गरेको जनाउँदै उनीमाथि हातपात भएको स्थानीयको आरोप थियो ।

**(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश १)**

सुनसरीको इनरुवा नपा-८ स्थित वडा कार्यालयले थालेको राहत वितरण प्रकृया प्रति असन्तुष्टि जनाउँदै स्थानीयको एक समूहले ०७६ चैत २८ गते वडाध्यक्ष रविन्द्र मण्डलमाथि हातपात गरे । इनरुवाको गणेश नेपाल राष्ट्रिय आधारभुत विद्यालयमा राहत वितरण भईरहेको बेला वडाध्यक्षमाथि गरिव तथा विपन्नलाई राहतबाट बंचित गरि धनाढ्य र सम्पन्नलाई बाडेको आरोपमा स्थानीय युवासहितको टोलीले हातपात गरेका थिए ।

**(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश १)**

दिक्तेल जिल्लास्थित रूपाकोट मझुवागढी नगरपालिकाले लक डाउनको समयमा मजदूरहरूलाई वितरण गरेको राहत वास्तविक मजदूरहरूले नपाएको गुनासो गरेका छन् । नगरपालिकाले ज्यालादारी मजदूर बाहेक अन्य आयश्रोत नभएका परिवारलाई पहिचान गरेर खाद्यान्न वितरण गर्ने भनिए पनि ५ नम्बर वडा लफ्याङका कतिपय वास्तविक ज्यालादारी मजदूरले खाद्यान्न नपाएको गुनासो गरेका छन् । वडामा हुनेखानेले खाद्यान्न पाएका कारण ज्यालादारी काम गर्नेहरु बन्चित हुनुपरेको स्थानीय ४० वर्षीया भद्रीसरी मुग्रातीले बताईन् । गुन्द्री र टपरी बुनेर जीवीका चलाउँदै आएकी ९० वर्षीया गजुरमायाँ राईको पनि खाद्यान्न राहत नपाएको पीडा भद्रीसरी जस्तै नै रह्यो ।

**(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश १)**

सप्तरीको सप्तकोशी नगरपालिकामा बिपन्न बर्गलाई लक्षित गरि पालिका प्रतिनिधिहरुले ३ किलो चामल बितरण गरिएपछि कम्तिमा पाँच किलो चामल सहितका राहत सामग्री बितरण गरिनुपर्ने माँग गर्दै स्थानीय बिपन्न समुदायले प्लेकार्ड सहित नाराजुलुश गरेका थिए ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश २)

बाराको कलैया उपमहानगरपालिकामा लकडाउन प्रभावित बिपन्नलाई कुहिएको खाद्यान्न बितरण गरेको आरोपमा उपमहानगरपालिकाका मेयरलाई ०७७ बैशाख ९ गते पक्राउ गरि अनुसन्धानमा राखिएको पाईयो । जिल्ला प्रहरी कार्यालय बाराले मेयर रामनरेश राय यादवले राहतको नाममा गुणस्तरहीन चामल र कुहिएको दाल लगायत उपभोग्य बस्तु बितरण गरेको आरोपमा उजुरी परेपछि नियन्त्रणमा लिएको जनायो । सो उपमहानगरपालिकामा ०७६ चैत २८ गते राहत सामग्री बाँडिएकोमा गुणस्तरहीन भएको उजुरीपछि चैत २९ गते स्थानीय प्रशासनले छापा मारेको थियो ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश २)

नवलपरासी जिल्लाको रामग्राम नपामा ०७७ बैशाख १६ गते बाँडिएको राहत सामग्री गुणस्तरहिन रहेको भन्दै सप्लार्यस बिरुद्ध मुद्दा दर्ता भएपछि आरोपित सप्लायर्स पटवारी बानियालाई पुर्पक्षका लागि कारागार चलान गरिएको छ । रामग्राम नपाले बानियाको मिलबाट २ सय ५० क्विन्टल खाद्यान्न चामल खरीद गरी लकडाउन प्रभावित २३ सय परिवारलाई वितरण गरेको थियो । बानियाले ४० रुपैयाँ किलोमा बेचेको चामल निम्न गुणस्तरको भएको गुनासो आएपछि कार्यालयले अनुसन्धान थालेको थियो । उनीविरुद्धको अभियोग प्रमाणित भए ५ वर्ष कैद, ५० हजारसम्म जरीवाना वा दुवै सजाय हुन सक्ने कानुनी व्यवस्था छ । गुणस्तरहीन खाद्यान्न वितरण प्रकरणमा बुटवलमा रहेको गुणस्तर तथा नापतौल कार्यालय र अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि छुट्टाछुट्टै अनुसन्धान गरिरहेका छन् ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)

बाजुरा जिल्लाको बडिमालिका नपाले खाद्य संस्थानबाट खरिद गरि ०७६ चैत २९ गते राहतको रुपमा बितरण गरेको चाम कुहिएको अवस्थामा रहेको स्थानीय सेवाग्राहीको आरोप छ । नपाले वडा नं. ४ स्थित समुदायमा बाँडको ६ बोरा चामलमा सवै बोराको चामल कुहिएको अवस्थामा रहेको पाईएको स्थानीयले बताए । चामलमा डल्लासहित कालो ढुसी परेको पाईएको थियो ।

(२० औं त्रैमासिक प्रतिवेदन- सुदुर पश्चिम प्रदेश)

**कोरोना संकमण नियन्त्रणका लागि संघीय सरकारद्वारा मेडिकल सामान खरिद प्रकरणमा जोडिएको ओम्नी बिजनेस कर्पोरेट इन्टरनेसनल प्रालि (ओबिसिआई) सँग गरिएको सम्झौता प्रकियालाई लिएर सरकारको तिव्र आलोचना हुनुका साथै भ्रष्टाचारको आरोपबाट समेत सरकार मुक्त हुन सकेन ।**

बाग्मती प्रदेश स्थित विवादमा आएको मेडिकल सामान खरिद प्रकरणमा जोडिएको ओम्नी बिजनेस कर्पोरेट इन्टरनेसनल प्रालि (ओबिसिआई) सँग सरकारले तीन घण्टाको अवधिमा नै खरिद सम्झौता गरि सामान ढुवानी गरेपछि खरीद पक्रियानै त्रुटी भएको र ब्यापक रुपमा भ्रष्टाचार भएको भनि उक्त कार्यप्रति सरकारको तिव्र आलोचना भएको छ । सामान खरिदको तयारी ३ महिना अगाडिबाटै गरेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले लकडाउन भएपछि हतारमा ओबिसिआईसँग सामान खरिदका लागि सम्झौता गरेको थियो । नेपालमा पहिलो संक्रमितको पहिचान भएको दुई सातापछि ०७६ माघ २५ मा कोरोनाको उपचारका र जोखिम न्यूनीकरणका लागि भन्दै मेडिकल सामग्री खरिद प्रक्रिया थालनी भएको थियो । त्यतिबेला १९ मेडिकल व्यवसायीसँग मेडिकल सामग्री खरिदका लागि भन्दै कोटेसन मागिएको पनि थियो । तर प्रक्रिया थप अगाडि बढेन र चैत ६ मा एकाएक सूचना खारेज गरियो । सरकारले चैत ११ गते बिहान ६ बजेबाट लागू हुने गरी लकडाउनको घोषणा गरेसंगै मेकिडल सामान खरिदका लागि पहिला भएको सूचना रद्द गरेको स्वास्थ्य सेवा विभागले ११ गते २४ घन्टाको समय दिदै व्यवसायीलाई छलफलमा बोलाएको थियो । उक्त समयमा ६ वटा आयातकर्ता छलफलमा उपस्थित भएका थिए । तर उनीहरुलाई थप पक्रियामा सामेल नगराई ६ वटै आयातकर्तासँग औषधीको मूल्यको कोटेसन मागेर सरकारले ओबिसिआइलाई एकलौटी रुपमा ठेक्का दिएको थियो । औषधी खरिदका लागि माघ २५ मा माग गरेको कोटेसन रद्द भएका कारण र २४ घन्टाको सूचना प्रकाशन गरेर आएका २ कम्पनीमध्ये ओबिसिआइसँग सामान किन्नुको आधार अहिलेसम्म स्वास्थ्य मन्त्रालयले सार्वजनिक गर्न सकेको छैन ।

(२० औं त्रैमासिक प्रतिवेदन- बाग्मती प्रदेश)

**कोरोना महामारिको भयले अधिकांश स्वास्थ्य क्षेत्रमा दक्ष चिकीत्सकहरु उपस्थिती नहुने र बिदामा बस्ने क्रम बढदो रुपमा रहेको पाईयो । अधिकांश नीजि क्षेत्रका अस्पताल र क्लिनिकहरु बन्द अवस्थामै रहेको पाईयो । कतिपय स्वास्थ्य निकायले बिरामी भर्ना समेत लिन अस्वीकार गरे । उपचारको अभावमा बिरामीको मृत्यू समेत भएको पाईयो ।**

कोरोना भाइरस संक्रमणको त्रासका कारण विराटनगरका अस्पतालले भर्ना लिन नमानेपछि धनकुटा नगरपालिका-५ लेगुवाकी ५२ वर्षीया नरदेवी गुरुङको ०७६ चैत १९ गते मृत्यु भएको छ । मृतककी छोरी लक्ष्मी गुरुङका अनुसार उच्च रक्तचापका कारण बेहोस भएकी नरदेवीलाई विरानगरको न्युरो अस्पतालमा पुरयाईदा अस्पतालले भर्ना नलिएको र चिकित्सकले उपचार गर्न नमानेपछि विराट नर्सिङ होम लगिएको थियो । ज्वरो धेरै रहेको भन्दै सो अस्पतालमा पनि कोरोनाको आशंकामा चिकित्सकले उपचार गर्न नमानेको र नोबेल पुरयाईएपछि उपचारका क्रममा मृत्यु भएको हो ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश १)

**प्रदेश १ को भोजपुरमा स्वास्थ्य क्षेत्रका स्वास्थ्यकर्मीहरु नै कोरोना संक्रमणको भयले क्वारेन्टाईनमा बसेपछि अस्पताल र स्वास्थ्य चौकीमा पुग्ने बिरामीहरु उपचारबिनै फर्किन बाध्य हुनु परेको पाईयो ।**

पदेश १ अन्तर्गत भोजपुरको षडानन्द नपास्थित वडाको स्वास्थ्य चौकी र अस्पतालमा सेवारत १७ जना स्वास्थ्यकर्मी नै कोरोना (कोभिड-१९) सङ्क्रमणको जोखिम भएको भन्दै ०७६ चैत १३ गतेदेखि क्वारेन्टाईनमा बसेपछि उपचारका लागि आएका सेवाग्राहीले समस्या व्यहोर्नु परेको छ । वैदेशिक रोजगारको शिलशिलामा कतारबाट घर फर्किएका षडानन्द नपा-१ नेपालेडाँडाका एक युवकको स्वास्थ्य परीक्षण गरेपछि सङ्क्रमणको जोखिम भएको भन्दै १७ जना स्वास्थ्यकर्मी नगरपालिकाले बनाएको क्वारेन्टाइनमा बसेका हुन् । स्वास्थ्यकर्मी क्वारेन्टाइनमा बसेपछि स्वास्थ्य चौकीमा सिटामोलसम्म दिने मान्छे नभएको र औषधि, चेकजाँच, उपचारका लागि स्वास्थ्य चौकी धाउने सर्वसाधरण सेवा नपाएर फर्कनु परेको स्थानीयले गुनासो गरे ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश १)

**कोरोनाको संक्रमण न्यूनिकरणका लागि बाह्य क्षेत्रबाट आउने व्यक्तिहरुलाई निगरानीमा राख्न अधिकांश पालिकाहरुमा क्वारेन्टाईन बनाईएता पनि निर्माण गरिएका अधिकांश क्वारेन्टाईन मापदण्ड अनुसारको नरहेको र त्यहाँ बस्ने व्यक्तिहरुका लागि उचित खाना, स्वास्थ्य उपचार र सरसफाईमा समेत वेवास्ता गरेको पाईयो । अव्यवस्थित क्वारेन्टाईनका कारण भागेर जाने क्रम पनि देखियो ।**

प्रदेश नं. ५ मा ०७७ बैशाख १७ गतेसम्मको अवधिमा कोरोना पोजेटिभ भएकाको अवस्था देखिएन । लकडाउन शुरु भएका ३५ दिनसम्मको अवधिमा कोरोना पोजिटिभ नदेखिनुलाई प्रदेश सकारात्मक मानिएको छ । यस अवधिमा प्रदेशको १ सय ९ पालिकाहरुमा ५ सय ६४ क्वारेन्टाईन स्थलहरु निमार्ण गरिएका र कुल १२ हजार ४ सय ५३ जनालाई क्वारेन्टटाईमा रहेको पाईयो । जसमा अधिकांश भारत र तेश्रो मुलुकबाट फर्किएकाहरु रहे । यधपी यस अवधिमा पर्याप्त मास्क, सेनिटाईजर लगायत स्वास्थ्यकर्मीका लागिक्याप, गाउन, चस्मा, मास्क, ग्लोव आदिको अभाव रह्यो । क्वारेन्टाईन र आईसोलेसनमा पर्याप्त स्वास्थ्यकर्मीको पनि अभाव रहेको पाईयो ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)

कोरोना भाइरस (कोभिड १९) को महामारीबाट बच्न कर्णाली प्रदेशमा विभिन्न उपाय अवलम्बन गरिएको छ । यस त्रैमासिकको अन्त्यसम्मै संक्रमितको लक्षण यस प्रदेशमा नदेखिएता पनि नेपाल सरकारद्वारा जारी गरिएको लकडाउनलाई कडाईका साथ प्रदेशमा पालना गर्दै सार्वजनिक कार्यक्रमहरुमा रोक लगाईयो । प्रदेश सरकार र स्थानीय सरकारहरुले महामारीको रोकथाम तथा नियन्त्रणका लागि आकस्मिक कोषको निर्माण भएको पाईयो । कोरोनाको शंका लागेका तथा बाहिरी मुलुकबाट नेपाल भित्रिने सबैलाई क्वारेन्टाइनमा राख्ने व्यवस्थापन समेत गरिएको थियो ।

(२० औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)

सुदुर पश्चिम प्रदेशका सबै जिल्लाका स्थानीय सरकारले आफ्नो क्षेत्रभित्र रहेका बासिन्दालाई कोरोनाको महामारीबाट बच्नको लागि क्वारेन्टाईन निमार्ण गर्नुको साथै आवश्यक पर्ने सामाग्रीहरुको आपूर्तिको लागि प्रदेश सरकार तथा संघीय सरकारलाई पहलको आग्रह गरेको छ । साथै सेती प्रादेशिक अस्पतालमा कोरोना संक्रमितको उपचारका लागि ५ बेडको छुटै आईसियू

संचालन गरिएको प्रदेश सरकारले जनाएको छ । स्थानीय सरकारले कोरोनाको शतर्कताको लागि जनचेतना मुलक कार्यक्रमहरु समुदायस्तरमा संचालन गरेको पाईयो ।

(२० औं त्रैमासिक प्रतिवेदन- सुदुर पश्चिम प्रदेश)

रुपन्देही जिल्लाको समरीमाई गाउँपालिकामा संचालित क्वारेन्टाईनमा उचित सेवा सुबिधा नभएको भन्दै क्वारेटाईनमा बसेकाहरुले विवाद गरि घर फर्केका थिए । भागेका सवैलाई पछि प्रहरीले पक्राउ गरि क्वारेन्टाईनमा ल्याएर राखिएको थियो स्थानीयले जानकारी दिएका छन् । त्यसैगरि यसोधरा गाउँपालिकास्थित क्वारेन्टाईनमा राखिएकाहरु मध्ये ४ जनालई प्रयोग गर्न एउटा साबुन मात्र दिईएको उनीहरुले बताए ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)

रुपन्देहीको सम्मरीमाई गाउँपालिकामा निर्माण गरिएको क्वारेन्टाईनम खानेबस्ने सुविधा राम्रो नभएको भन्दै त्यहाँ रहेकामध्ये २४ जना व्यक्तिहरु भागेर घर गए । भारतका विभिन्न शहरबाट आएका उनीहरु क्वारेन्टाईनबाट ०७६ चैत २० गते साँझ भागेका हुन् । गाउँपालिकाका स्वास्थ्य संयोजक मुन्सीप्रसाद माझीले क्वारेन्टाईनमा तनावपूर्ण अवस्था सृजना भएपछि वडाध्यक्षहरुको जिम्मा लगाएर घर पठाइएको बताए ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)

बर्दियास्थित बबई बहुमुखी क्याम्पस गुलरियाको क्वारेन्टाइनमा बसेकाहरूले गुणस्तरहीन खाना दिईएको र सरसफाई नगरिएको जनाउँदै ०७७ बैशाख १५ गते खाना समेत बहिष्कार गरि बिरोधमै उत्रिए । उनीहरुका अनुसार पहिले बसेर गएकाहरूले ओछ्याएको तन्ना समेत नधोई त्यसैमा सुताइएको र गुणस्तरहीन चामल र पानीमात्रको फिका दाल ख्वाईएको उनीहरूको गुनासो थियो । गोरखामा मजदुरी गरी फर्किएकी गुलरिया-४ तुलसीपुरकी सीता थारूले काखे छोरीको लागि दुध माग्दासम्म नपाएको बताईन् ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)

प्रदेश ५ को कपिलवस्तु, प्युठान लगायतका जिल्लास्थित ग्रामीण क्षेत्रमा सञ्चालन गरिएका क्वारेन्टाइन, स्वास्थ्य चौकीमा यस त्रैमासिक अवधिको अन्त्यसम्म पनि स्वास्थ्यकर्मीले सुरक्षा सामाग्री पाएनन् । पिपिईको अभावमा स्वास्थ्यकर्मीले गाउन पहिरेर काम गर्न बाध्य हुनुपरेको गुनासो गरे ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)

**कोरोना संक्रमण न्यूनिकरणका लागि सरकारद्वारा लकडाउन घोषणा पश्चात लैंगिक हिंसा र घरेलु हिंसाका घटनाहरुमा समेत बढोत्तरी हुन थालेको पाईयो ।**

लकडाउनको समयमा धरान-४ का एक महिलालाई करणी गरेको आरोपमा सुनसरीको धरान उपमहानपास्थित स्थानीय ४२ बर्षीय एक व्यक्तिलाई प्रहरीले ०७६ चैत २७ गते पक्राउ गरेको छ । प्रहरीका अनुसार चैत २६ गते विहान २ बजेको समयमा जीतबहादुर राईले ती महिलालाई दवाब दिएर जर्वजस्ती बलात्कार गरेका थिए ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश १)

लकडाउनको समयमा घरमै बसेकी मोरङ सोनवर्षी नपाकी १५ वर्षीया एक वालिका छिमेकी युवकबाटै बलात्कृत भएको रंगेली प्रहरीले जनायो । इलाका प्रहरी कार्यालय रंगेलीले बलात्कारको आरोपमा १९ वर्षीय एक किशोरलाई पक्राउ गरेको छ । प्रहरी निरीक्षक लेखनाथ दाहालका अनुसार घरका सदस्यहरु सुतिसकेका अवस्थामा यादवले बालिका सुत्ने कोठाभित्र प्रवेश गरी बलात्कार गरेका थिए ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश १)

**कोरोना माहामारिका कारण छिमेकी राष्ट्र भारतमा संक्रमितको संख्या बढनुका साथै लकडाउन जारी भएपछि रोजगारको शिलशिलामा त्यहाँ पुगेका नेपाली नागरिक हजारौको संख्यामा फर्किने क्रमसंगै सिमा क्षेत्रमा तनाव र असुरक्षा बढेको पाईयो । थोरैको संख्यामा रहेका सुरक्षाकर्मीहरुले सिमा नियन्त्रणमा समस्या झेल्नुका साथै खाद्यान्न, आवास र भौतिक सुबिधाको समेत कठिनाई व्यहोर्नु पर्‍यो । सुरक्षा निकायले सिमा क्षेत्रमा कडाई गर्दा कतिपय सिमा क्षेत्रमा भारतीय नागरिकले सुरक्षाकर्मीहरुमाथि भौतिक आक्रमणको समेत गरेको पाईयो ।**

पश्चिम नवलरासीसँग सीमा जोडिएको भारत महाराजगन्ज जिल्लामा कोरोना भाइरसको संक्रमण भेटिएपछि नाकामा थप सुरक्षाकर्मी तैनाथ गरिएको छ। लुकिछिपी भारतीय नागरिक नेपाल प्रवेश गरेको सूचना आएपछि दशगजा क्षेत्रमा सशस्त्र प्रहरी थपिएको र जिल्लाको महेशपुर मूलभन्सार र झुलनीपुर नाकामा सशस्त्र र नेपाल प्रहरीको निगरानी बढाइएको पाईएको हो। सुरक्षाकर्मीको उपस्थिती बढाईए पनि उचित भौतिक निर्माण र सुरक्षाका अत्यावश्यक सामग्री नहुँदा निकै कठिनाई ब्यहोर्नु परेको सुरक्षा निकायको गुनासो रह्यो।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)

भारतसँग सीमा जोडिएको कपिलवस्तुको यशोधरा गाँउपालिका वडा नम्बर ७ को सेमरीगाँउको सिमाको सुरक्षामा खटिएका दुई नेपाली प्रहरीलाई ०७७ बैशाख १४ गते भारतीय नागरिकले नियन्त्रणमा लिई कुटपिट गरे। प्रहरी चौकी मर्यादपुरका दुई प्रहरीलाई भारतीय सीमावर्ती शोहरतगढ थानाखुनुवा चौकीको परसौना गाँउका केहि स्थानीयले नियन्त्रणमा लिई कुटपिट गरेको जानकारीमा आएको हो। सिमा क्षेत्रमा भारतबाट प्रवेश गर्न खोजेका नागरिकलाई कडाई गरेका कारण डयुटीमा रहेका प्रहरीलाई करिब आधा घण्टा नियन्त्रण गरी भारततर्फ लगी भारतीयनागरिकले कुटपिट गरेका हुन्।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)

**कोरोना महामारी र संक्रमण कारण मुलुकमा लकडाउन जारी भएपछि लकडाउनको मौका छोपी बन क्षेत्रमा काठ तस्करहरुको गतिबिधि बढेको र कतिपय ठाउँमा तस्करहरुलाई नियन्त्रणमा लिई कार्वाही समेत गरेको पाईयो।**

प्रदेश नं. ५ को बर्दियास्थित राष्ट्रिय निकुञ्जमा लकडाउनको मौका छोपी तस्करहरुले २२ वटा रुख काटेका छन्। निकुञ्जको ढकेला मध्यवर्ती सामुदायिक वन र कतरनिया मध्यवर्ती सामुदायिक वनमा विभिन्न जातका ठूला ठूला रुख काटिएको पाईएको हो। रुख ढालेरे ओसारपसार गरेको जानकारी पाउनासाथ निकुञ्जको टोलीले भे १ स ७८९३ नम्बरको टेम्पो र बारबर्दिया नपा-९ ढकेलाका कालुराम थारुलाई नियन्त्रणमा लिएको जनाईएको छ।

(२० औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)

## ७ - प्रवृत्ति

- **दुर्गम पाहाडि क्षेत्र लगायत अधिकांश अस्पताल र स्वास्थ्य चौकीमा भौतिक संरचनाको अभावका साथै दक्ष चिकीत्सक र स्वास्थ्यकर्मी एवं स्वास्थ्य उपकरण र औषधीको अभावले स्वास्थ्योपचारका लागि पुगेका बिरामीलाई प्रत्यक्ष असर परेको र मानव स्वास्थ्यमाथिनै आधात परिरहेको हुँदा सरकारले यसतर्फ गंभीर ध्यान दिन अपरिहार्य छ।**
- **स्थानीय तह र सरोकारवाला निकायहरुमा देखिएको बढदो भ्रष्टाचार नियन्यत्रका लागि सरकारद्वारा बिशेष ध्यान दिनुका साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सक्रियता अझ बढी दिनुपर्ने देखिन्छ।**
- **संघीयताको कार्यान्वयनमा रहेको स्थानीय सरकारनै कर्मचारीबिहीन हुँदा परिणाममुखी काम गर्नसक्ने अवस्थामा नरहेको र जनप्रतिनिधिहरुलाई प्रत्यक्ष प्रभाव पर्ने भएको हुँदा आवश्यक्ता हेरी दुर्गम पाहाडि भेगमा पर्याप्त कर्मचारीको व्यवस्थापनमा ध्यान दिईनुपर्ने देखिन्छ।**
- **सरकारले बिद्यालयलाई शान्ति क्षेत्र घोषणा गरेता पनि अझै पनि सामाजिक र राजनीतिक कार्यक्रमहरु बिद्यालयमै हुने साथै सरकारी कतिपय कार्यक्रमहरु बिद्यालयमै आयोजना गरिदा त्यसले बालबालिका र शिक्षामा प्रत्यक्ष प्रभाव पार्ने हुँदा त्यस्ता कार्य रोक्नका लागि सरकार र नागरिक समाजले बिशेष ध्यान दिनुपर्ने देखिन्छ।**
- **बाग्मती प्रदेश सरकारले अगाडि सारेको भूमिहीन, बिपन्न र सिमान्तकृत समुदायलाई आवासको व्यवस्थापनलाई सकारात्मक रुपमा लिदै अन्य प्रदेश सरकारले पनि यस्ता कार्यलाई प्राथमिकता साथ अगाडि बढाउन सकेको खण्डमा भूमिहीन सिमान्तकृत समुदायको दीगो समाधानका लागि उदाहरण कार्य हुने देखिन्छ।**
- **दिन प्रतिदिन लैगिक हिंसा बिकराल समस्याका रुपमा देखिदै जान थालेकोले यसको दीगो समाधानका लागि सरकार, राजनीतिक दल, नागरिक समाज र स्थानीय प्रशासनले जनचेतनाका अभियानहरु र कानुनको प्रभावकारी कार्यान्वयनलाई जोड दिदै बिशेष योजनासहित अगाडि बढनुपर्ने देखिन्छ।**

- राजनीतिक शक्तिको रुपमा रहेको बिप्लव नेतृत्वको नेपाल कम्यूनिष्ट पार्टी (नेकपा) ले राजनीतिक गतिबिधिको नाममा व्यक्ति अपहरण र दुर्व्यवहार, हिंसाजन्य कार्य र सार्वजनिक सम्पत्तिको तोडफोड, आगजनी र क्षति रोकी मानवअधिकारको बिश्वब्यापी मान्यतालाई अंगीकार गर्नु अपरिहार्य छ । त्यस्तै, सरकार पक्षबाट पनि पकाउ र कार्वाहीबाट समस्याको समाधान नहुने हुँदा शान्तिपूर्ण तवरले वार्ता र सम्बादद्वारा समस्याको निकासका लागि बिशेष पहल गरिन आवश्यक छ ।
- लामो समयदेखि माँग उठदै आएको अरुण तेश्रो लगायत अन्य निर्माण क्षेत्रमा उठिरहेका मुआब्जाको सवाललाई सरकारद्वारा बिशेष ध्यान दिई दीगो समाधानका लागि पहल गरिन जरुरी देखिन्छ । त्यसैगरि साना ठूला नदीहरुबाट नदीजन्य पदार्थ उत्खनन् र निकासीको सरकारी मापदण्ड हुँदा हुँदै मापदण्ड बिपरीत कार्य गर्नेलाई तत्काल कडा कार्वाही गरिन अपरिहार्य छ । यसका अलावा सरकारी तहबाट समय समयमा गठन भएका अनुगमन र छानवीन समितिका प्रतिवेदनहरुलाई समेत कार्यान्वयन गरिनुपर्ने देखिन्छ ।
- ०७२ सालको भूकम्पबाट क्षति भएका भौतिक संरचनामा भएका दातृ सहयोग र नेपाल सरकारले गरेको खर्च र प्रगति सार्वजनिक गरि बाँकी रहेका राहत पीडित र सार्वजनिक भवनहरुको पुर्ननिर्माणमा बिशेष जोड दिई दीगो समाधान गरिन अपरिहार्य छ ।
- कोरोना महामारी र लकडाउनका कारण दैनिक ज्याला मजदूरी गर्ने र अति बिपन्न बर्गलाई सरकारद्वारा बिशेष ध्यान दिई खाद्य राहत र श्रमको बैकल्पिक व्यावस्थापनमा जोड दिईन अपरिहार्य देखिन्छ । स्थानीय सरकारले कतिपय ठाउँमा राहत बितरण गर्ने कार्य सह्रानीय भएता पनि बिबाद र झडपका घटनाहरु समेत सार्वजनिक जानकारीमा आएकोले यस्ता कार्यहरुका निम्ती पूर्वतयारीमा बिशेष ध्यान दिई सजगता अपनाउन अपरिहार्य छ । राहत बितरणमा भ्रष्ट्राचारको आरोप समेत उठिरहेको हुँदा यस्ता कार्यमा पारदर्शिता अवलम्बन गर्दै छानवीनमा समेत ध्यान दिनुपर्ने देखिन्छ ।
- बिगतका प्रतिबेदन अनुसार दुर्गम र पाहाडि क्षेत्र लगायत अधिकांश अस्पताल र स्वास्थ्य चौकीमा भौतिक संरचना, दक्ष चिकीत्सक, स्वास्थ्यकर्मी र उपकरणको अभाव रहेको पाईएको अवस्थामा कोरोनाको संक्रमणपछि चिकीत्सक र स्वास्थ्यकर्मीहरु अस्पतालमा नबस्नाले स्वास्थ्य क्षेत्र लगभग ठप्प जस्तै भई मानव स्वास्थ्यप्रतिनै असंवेदनशील भएको देखिएको हुँदा यसतर्फ सरकारले बिशेष ध्यान दिन अपरिहार्य देखिन्छ ।
- बाह्य व्यक्तिहरुबाट संक्रमण हुन नदिन पूर्व सजगताका लागि अधिकांश पालिकाहरुले क्वारेन्टाईन निर्माण गर्नु सकारात्मक भएपनि क्वारेन्टाईनको मापदण्ड पुरा नहुँदा थप जोखिम बढनुका साथै खानपीन र स्वास्थ्य सरसफाईमा ध्यान नदिदा स्वस्थ्य व्यक्ति समेत बिरामी हुने अवस्थालाई स्थानीय सरकारले बिशेष ध्यान दिन अपरिहार्य छ । साथै पछिल्लो समयमा भारतीय सिमावर्ती नाकाबाट असंख्य व्यक्तिहरुको आवागमनका साथै सुरक्षाकर्मीहरुमाथि हातपात समेत हुने घटनलाई सरकारले गंभीरतापूर्वक लिई सुरक्षालाई थप कडाई गरिन आवश्यक देखिन्छ ।

२० औं **EWER** त्रैमासिक प्रतिवेदन सेफरवर्ल्ड र शान्तिको लागि साझा अभियान (कोक्याप)/नेपाल मनिटर डट ओआरजीले निम्न संस्था/प्रतिनिधिहरुको सहकार्यमा तयार गरेको हो । प्रदेश नम्वर १ मा मानवअधिकार सञ्जाल तथा शान्ति कार्य समूह (प्याग-नेपाल) कि यसोधा सुव्वा, प्रदेश नम्वर २ मा नन्दकुमार साह, बाग्मती प्रदेशमा पत्रकार कल्पना भट्टराई, गण्डकी प्रदेशमा पत्रकार रबिना बोहरा, प्रदेश नम्वर ५ मा  मधेश मानवअधिकार गृह (माहुरी होम) का बसन्त बन्जाडे, कर्णाली प्रदेशमा मध्यपश्चिमाञ्चल विश्वविधालय सुर्खेतका कमलराज लम्साल र सुदूरपश्चिम प्रदेशमा मानवअधिकारकर्मी हेमकर्ण विकले घटनाको बिवरण संकलन र बिश्लेषणमा लिखित सहयोग गर्नुभएको छ भने, प्रतिवेदन संयोजन र सम्पादन सेफरवर्ल्डका लागि देवराज पोखरेल र अनुराग आचार्यले गर्नुभएको छ ।